मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १२४ | २०७९ साल चैत्र २ गते बिहिवार | Thursday 16, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## प्रदेशको शैक्षिक अवस्था खस्किदैं : मन्त्री यादव

### *शैक्षिक अवस्था सुधारका लागि चाँडै ऐन ल्याउने तयारीमा मन्त्रालय*

मधेशदृष्टि
जनकपुरधाम, १ चैत । प्रदेशको शैक्षिक स्तर खस्किदै गएकोमा मधेस प्रदेशका शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेश यादवले चिन्ता व्यक्त गरेका छन् ।

मन्त्रालयद्वारा कार्य प्रगति विवरण सार्वजनिक गर्ने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा मन्त्री यादवले संघीय सरकारको विभेदकै कारण मधेशको शैक्षिक अवस्था प्रतिदिन खस्किदै गएको हो । यसमा सुधार ल्याउनका लागि स्थानीय तहबाटै अभियानको शुरुवात गर्नुपर्नेमा मन्त्री यादवले जोड दिए ।

उनले भने कुनै समय शैक्षिक हबको रुपमा रहेको मधेसको शिक्षास्तर अहिले खस्किरहेको गएको छ । प्रदेशका शिक्षकहरु पहाडमा गएर पढाउने जिल्लाहरु साक्षर भइसके, तर आफ्नो गृह जिल्ला र गृह प्रदेश अहिलेसम्म ५० प्रतिशत पनि साक्षर नहुनु ठूलो बिडम्बना हो ।

उनले श्रोत साधनको आभाव मात्रै होइन उचित व्यवस्थापनको कमीले समेत प्रदेशको शैक्षिक अवस्था खस्किदैं गएको बताउँदै भने प्रदेशका केही यस्ता विद्यालय छन जसले राम्रा सेवा दिइरहेका छन् । जसले गर्दा विद्यार्थीको संख्या पनि बढी छ । तर अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक र विद्यार्थीको संख्यामा तालमेल मिलेको देखिदैन । कहीं शिक्षक बढी छ त विद्यार्थी छैन, कही विद्यार्थीको चाप बढी छ त शिक्षक नै छैनन् ।

उनले प्रदेशलाई साक्षर बनाउन स्थानीय तहका सरोकारवाला, विद्यालयका प्रध्यानाध्यापक, प्रदेशका शिक्षाविदहरुलाई एकै ठाउँमा राखेर छलफल गरी प्रदेश सरकारले यी योजनाहरुलाई ठोस रुपमा अगाडी बढाउने प्रतिवद्धता व्यक्त गरे । उनले प्रदेश सरकारसँग शैक्षिक सम्बन्धी कुनै ऐन कानून नै नभएको कारण अहिलेसम्म ठोस कदम नबढाएको भने ।



मन्त्री यादवले प्रदेशको शैक्षिक अवस्था सुधारका लागि चाँडै नै संघ र स्थानीय तहसँग नबांझिने गरी प्रदेश शैक्षिक ऐन ल्याउनेछु । सो ऐनमा संघ सहकार्य र स्थानीय तहसँग समन्वयको व्यवस्था राख्ने गरी तयारी भइरहेको छ । संचारकर्मीहरुले शैक्षिक क्षेत्रमा भइरहेको अनियमितता बारे उनले अनियमितता नभएको होइन, भएको छ । तर कानून आभावले प्रदेश सरकारले पछिल्लो समयमा केही गर्न सकेन । अब ऐन आइसकेपछि त्यसलाई नियन्त्रण गर्नेछ । यसका साथै प्रदेशमा वाणिज्य क्षेत्रको विकासका लागि कामै नभएको भन्दै मन्त्री यादवले मधेस प्रदेशमा शिक्षा तथा वाणिज्य क्षेत्रको विकासलागि प्रदेश सरकारले १६ बुँदे कार्य योजना सार्वजनिक गरे । उनले शिक्षा तथा वाणिज्य क्षेत्रको विकासका लागि यीनै १६ बुँदे योजना अन्तर्गत रहेर काम अगाडी बढाइने बताए ।

मन्त्री यादवले शिक्षा तथा वाणिज्य क्षेत्रको विकासका लागि लचकदार व्यवहार अवलम्वन, नतिजा मुखी नीति निर्माणमा जोड, त्रिपक्षीय समन्व्य, साक्षर मधेश प्रदेश घोषणा, सिमान्तकृत समुदायको लागि विशेष नीति, गुणस्तरिय शिक्षा मापण नीति ल्याउने, प्रादेशिक शिक्षा ऐन, दण्ड पुरस्कारको नीति, शिक्षा विज्ञहरु संग त्रैमासिक स्कुलिङ्ग, टेक्नोलोजी फर गार्जियन, मधेश कृषि विश्वविद्यालयमा नयाँ बर्ष देखी पठनपाठन, व्यवहारिक, संस्कारी र मातृभाषा शिक्षामा जोड सहितका योजना अघि बढाएको छ ।

**मधेशमा साक्षरताको अवस्था**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार हालसम्म मधेश प्रदेशका कुनै पनि जिल्ला साक्षर हुन सकेको छैन । पछिल्लो तथ्यांक अनुसार मधेश प्रदेशको जनसंख्या ६१ लाख २६ हजार २ सय ८८ रहेको छ । ८ वटा जिल्ला रहेको मधेश प्रदेशमा कुनै पनि जिल्ला साक्षर बन्न सकेको छैन ।

मधेश प्रदेशको १२६ मध्ये एउटा पालिका पनि साक्षर घोषणा हुन सकेको छैन । सहस्राब्दी विकास लक्ष्यअनुरूप अघि बढ्न सरकारले सन् २०१५ सम्म देशलाई पूर्णसाक्षर घोषणा गर्ने भनी अन्तर्राष्ट्रिय रूपमा लिखित प्रतिबद्धता व्यक्त गरेको थियो । प्रतिबद्धताको सात वर्षमा ६१ जिल्ला पूर्ण साक्षर घोषणा भइसक्दा मधेस प्रदेश ८ जिल्ला अझै बाँकी छन् ।

मधेश प्रदेशमा ठूलो संख्यामा बालबालिका विद्यालयभन्दा बाहिर छन् । मधेशको साक्षरता कम हुनुको एउटा कारण जातीय विभेद हो । तराई मधेश यातायात, बिजुली लगायत सुविधाका हिसाबले पहाडभन्दा सुगम छन् । टोलटोलमै विद्यालय पनि खुलेका छन् तर पनि मधेशको साक्षरता प्रतिशत कम छ । मधेशको साक्षरता प्रतिशत कम हुनुका कारणमध्ये एक दलितलाई विद्यालयमा शिक्षक तथा सहपाठीले गर्ने विभेद पनि हो ।

खासगरी मधेसको सप्तरीदेखि पर्सासम्म दलितहरुको संघन बसोबास रहेका क्षेत्रमा यो समस्या व्यापक छ । नेपालमा सबैभन्दा कम साक्षरता दर हुनेमा सामान्यतः दलित, त्यसमा पनि विशेषतः मधेशी दलित पर्छन् । मधेशका 'माथिल्ला जात' र दलित समुदायको शैक्षिक क्षेत्रमा पनि ठूलो खाडल छ । मधेशी दलितमा पनि मुसहर र डोम यसको पिँधमै छन् भने सबैभन्दा माथि पहाड र मधेशका ब्राह्मण र क्षत्री छन् । अन्य प्रदेशको तुलनामा मधेशका दलित समुदाय धेरै नै पछाडि परेको देखिन्छ । दलितभित्र पनि मुसहर, चमार, डोम समुदायको स्थिति नाजुक देखिन्छ । ती

*- बाँकी पृष्ठ ६ मा*

## ठाकुरराम क्याम्पस विवाद

### *स्ववियु निर्वाचन जेठ १३ मा गर्ने सर्वदलिय सहमति*



मधेशदृष्टि
वीरगञ्ज, १ चैत । वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसको स्ववियु निर्वाचन विद्यार्थी संगठन विचको विवादको कारण चैत्र ८ गते हुन नसक्ने भएपछि आगामी जेष्ठ १३ गते गर्ने सर्वदलिय सहमति भएको छ ।

चैत ८ गते तय गरिएको स्ववियू निर्वाचन स्थगीत गरि आगामी जेष्ठ १३ गते गर्ने सहमति राजनीतिक दल र क्याम्पस प्रशासनबीच भएको छ । निर्वाचन समितिले दुई/दुई पटक प्रकाशन गरेको मतदाता नामावलीको विषयलाई लिएर विधार्थी संघ संगठनले विवाद गर्दै क्याम्पसमा आगजनी र तालाबन्दी समेत गरेपछि स्वावियु निर्वाचन साढे २ महिनापछि धकेलिएको हो ।

देशभरका क्याम्पसमा चैत ५ गते हुन गइरहेको स्ववियु निर्वाचन ठाकुरराम क्याम्पसमा भने चैत ८ गते गर्ने गरि निर्वाचन कार्यतालिका ठाकुर राम क्याम्पसको स्ववियू निर्वाचन समितिले गत फागुन २९ गते सार्वजनिक गरेको भए पनि विधार्थी संगठनको विवादका कारण ठाकुरराम क्याम्पसमा स्ववियु निर्वाचन ८ गते हुन नसक्ने अवस्था सृजना भएपछि आगामी जेठ १३ गते गर्ने सहमति क्याम्पस प्रशासन र राजनीतिक दलहरुले गरेको नेपाली कांग्रेस पर्साका सहसचिव एवं नेविसंघका स्ववियू निर्वाचन समितिका संयोजक नविन सिंहले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालय पर्सामा बुधवार दोस्रो पटक बसेको सर्वपक्षीय बैठकमा विधार्थी संगठनको विवादका कारण चैत ८ गते स्ववियु निर्वाचन गर्न सक्ने अवस्था नदेखिएको र चैत १२ देखि विभिन्न संकायको परीक्षा सुरू हुने भएका कारण अब जेठ १३ गते निर्वाचन गर्ने सहमति भएको बैठकमा सहभागी जनता समाजवादी पार्टी (जसपा) का जिल्ला सचिव तबरेज आलमले बताए ।

सहमति अनुसार ,अब निर्वाचन समितिले जेठ १३ मा निर्वाचन गर्ने गरि सूचना जारी गर्ने क्याम्पस प्रमुख डाक्टर उमेश चौरसियाले बताए । सर्वपक्षीय बैठकमा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी ,प्रहरी उपरिक्षक कोमल शाह ,क्याम्पस प्रमुख डा. उमेश चौरसिया , निर्वाचन अधिकृत रोशन लामिछाने , नेपाली कांग्रेसका जिल्ला सहसचिव नवीन सिंह ,जसपाका जिल्ला सचिव तबरेज अहमद ,नेकपा एमालेका नेता शीवजी गुप्ता ,नेकपा माओवादी केन्द्रका नेता प्रभाकर गुप्तालगायतको सहभागिता रहेको थियो ।

**क्याम्पस प्रमुखलाई कारवाहीको धम्की**

वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसका विधार्थी नेताहरुले क्याम्पस प्रमुख डाक्टर उमेश चौरसियालाई भौतिक कारबाहि गर्ने धम्की सहितको चेतावनी दिएका छन् ।

स्ववियु निर्वाचनको विषयलाई लिएर विधार्थी नेताले पत्रकार सम्मेलन नै गरेर क्याम्पस प्रमुख चौरसियालाई भौतिक कारबाही गर्ने चेतावनी दिएका हुन् । ठाकुरराम क्याम्पसमा चैत ८ गतेका लागि तोकिएको स्ववियु निर्वाचन मतदाता नामावलीको विषयमा विवाद भएपछि बुधबार बसेको सर्वक्षीय बैठकले स्थगित गरि जेठमा गर्ने सहमति गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको उपस्थितिमा

*- बाँकी पृष्ठ ६ मा*

## जसपा र लोसपाबीच भेटघाट




मधेशदृष्टि
काठमाडौ, १ चैत । जनता समाजवादी पार्टी नेपाल (जसपा) का नेताहरूले लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)का महन्थ ठाकुरसँग भेटघाट गरेका छन् ।

काठमाडौको बबरमहलस्थित लोसपाको पार्टी कार्यालयमा भएको भेटघाटमा देशको समसामयिक राजनीतिक अवस्था, उपराष्ट्रपतिको चुनाव लगायतको विषयमा कुराकानी भएको जसपाका केन्द्रीय सदस्य प्रदीप यादवले बताएका छन् ।

उनले भने, 'हामीले देशको समसामयिक राजनीतिक अवस्थाको बारेमा छलफल गर्न महन्थ ठाकुरजीलाई भेटेका हौँ, कुराकानीको क्रममा उहाँले उपराष्ट्रपतिका लागि रामसहाय यादवलाई शुभकामना दिनुभयो ।'

अध्यक्ष ठाकुरले आफ्नो पार्टी गठबन्धनमै रहेको र गठबन्धनले गर्ने निर्णय अनुसार अगाडि बढ्ने भन्दै रामसहाय यादवलाई शुभकामना दिएका थिए ।

ममता झालाई उपराष्ट्रपति बनाएको जनमत पार्टीसँग लोकतान्त्रिक समाजवादी पार्टीले कार्यगत एकता गरेको छ । लोसपा ममता झाको समर्थक र प्रस्तावकमा पनि बसेको छ ।

त्यसैगरि, मौन अवधिकै बीच जसपाका नेताहरूले बुधवारनै नेपाली काँग्रेसका नेता विमलेन्द्र निधिसँग भेटघाट गरेका छन् ।

नेता निधिको बानेश्वरस्थित निजी निवासमा जसपाका नेताहरूले भेटेका हुन् । भेटघाटमा देश समसामयिक राजनीतिक अवस्था, मन्त्रीपरिषद् विस्तार, उपराष्ट्रपतिको चुनाव लगायतको विषयमा कुराकानी भएको बताइएको छ ।

## सहमतिपछि एमाले जनप्रतिनिधिको धर्ना स्थगित

मधेशदृष्टि
जनकपुरधाम, १ चैत । धर्नामा बसेका धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधिहरू आफ्नो धर्ना स्थगित गरेका छन् ।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको नेतृत्वमा पुगेको टोलीले गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र आन्दोलनरत वडाध्यक्षहरूबीच आन्तरिक सहमति गराएपछि धर्ना स्थगित भएको हो ।

लक्ष्मीनियाँ गाउँपालिका वडा नम्बर-१ का वडाध्यक्ष दिलिप यादवले गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रले प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारी, प्रहरी उपरीक्षक विश्वराज खड्का र जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलको रोहवरमा आफूहरूको ३ बुँदे माग सम्बोधन गर्ने सहमति जनाएपछि धर्ना स्थगित गरिएको जानकारी दिए ।

वडाध्यक्ष यादवले गाउँपालिकाका अध्यक्ष मिश्रले बिहीबार कार्यपालिका बैठक आह्वान गरेर प्रस्तावहरूमाथि गहन छलफल गर्ने सहमति भएकोसमेत जानकारी दिए ।यसअघि गाउँपालिका अध्यक्ष मिश्र र प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले पालिकामा करारका कर्मचारी नहटाई खुला प्रतिस्पर्धा नै नगरेर आर्थिक चलखेल गरी आफ्नो नातागोता र खल्तीका मान्छेलाई नियुक्त गरेको आरोप लगाउँदै वडाध्यक्षहरूले पालिकामा तालाबन्दीसमेत गरेका थिए ।




वडाध्यक्ष यादवले रोजगार सहायक, एमआईएस अपरेटरलगायतका पदका लागि दरखास्त आह्वान गरिए पनि नतिजा प्रकाशन गर्दा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले आर्थिक चलखेल गरी नातावाद कृपावाद गरेको आरोप लगाएका थिए । आफुखुशी नियुक्त गरेको करारका कर्मचारीहरूको नियुक्ति बदर गरी पुनः पारदर्शी गर्ने, गाउँपालिकाको आयव्यय अविलम्ब सार्वजनिक गर्ने र पालिकाको कार्यसञ्चालन व्यवस्थित गरिने सहमति भएसँगै आफूहरूको आन्दोलन स्थगित भएको वडाध्यक्ष यादवले बताए ।

नेकपा एमालेबाट निर्वाचित वडा नम्बर-१ का वडाध्यक्ष दिलिप यादव, वडा नम्बर-२ का वडाध्यक्ष लालजी साह, वडा नम्बर-५ का वडाध्यक्ष दुखरण यादव, वडा नम्बर-६ का वडाध्यक्ष महाविर साह, वडा नम्बर-७ का वडाध्यक्ष गंगा साहलगायत ६ जना कार्यपालिका सदस्य र ८ जना वडा सदस्यहरूसहित १९ जना मंगलबारदेखि धर्नामा बसेका थिए ।

# नगर प्रमुख सहितको टोलीले गरे मासुजन्य पसलहरुको अनुगमन

मुकेश कुमार साह
रौतहट,१ चैत्र ।

विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा बुधवार चन्द्रपुर नगरपालिकाले प्रभातफेरीको आयोजना गरेको छ ।

चन्द्रपुर नगरपालिका कार्यालयबाट शुरु भएको प्रभातफेरी चन्द्रपुर बजार हुदै चन्द्रपुर चौकमा आएर समापन भएको थियो । प्रभातफेरीसंगै उपभोक्ताहरुको प्रत्यक्ष सरोकार रहेको मासुजन्य पसलहरुको अनुगमन गरेको छ ।चन्द्रपुरमा बुधबार मासुजन्य पसलहरुको अनुगमन गरिएको हो । चन्द्रपुर नगरपालिकाका नगर प्रमुख संजय कुमार काफ्लेले उपभोक्ताहरुको स्वास्थ्यसंग प्रत्यक्ष जोडिएको मासुजन्य बस्तुलाई व्यवस्थितगरि विक्री वितरण गर्न पसल सञ्चालनलाई उनले अनुरोध गरेका छन् । नगरपालिकाले बारम्बार अनुगमनको क्रममा सचेत गराउदा समेत मासु विक्रेताहरुले अटेर गरि खुल्ला रुपमा सडक मै मासु विक्री वितरण गरेकोले यस्ता कार्य बन्द गर्न आग्रह गरे ।

पुनःअनुगमनको क्रममा खुल्ला रुपमा मासु विक्रीवितरण गरे सामान जफत गरि नष्ट गर्ने बुधबार चेतावनी समेत दिए । बारम्बार उपभोक्ताहरुको स्वास्थ्यलाई ख्याल गरेर विक्रेताले मासु बेच्नुपर्नेमा व्यवस्थित रुपमा विक्री वितरण नगरेकाले अवका दिनमा नगरपालिकाले समेत व्यवस्थित मासु विक्री वितरणको लागि पहलगर्ने जनाइएको छ ।



सो अवसरमा उपप्रमुख जयमाला कुमारी चौधरीले चन्द्रपुरमा रहेको अव्यवस्थित माछा,मासु पसललाई व्यवस्थित गर्न नगरपालिकाले योजना बनाएकोले व्यवस्थित रुपमा विक्री वितरणका लागि चाडै काम अगाडि बढाउने दावी गरे ।

विक्रेताले समेत सामान विक्री गर्दा सफा सुग्घर,व्यवस्थित रुपमा विक्री वितरण गर्नुपर्ने चौधरीले बताए ।

कार्यक्रममा इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख उपसचिव झरेन्द्र प्रसाद चापागाईले अनुगमनको क्रममाअव्यवस्थित रुपमा माछा,मासु विक्रीवितरण गरेको पाइएकोले अवका दिनमा व्यवस्थित रुपमा विक्रीवितरण गर्न आग्रह गरेका छन् । कार्यक्रममा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरिक्षक एक नरायण कोइराला,चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत किरण निधि तिवारी, चन्द्रपुर उद्योग बाणिज्य संघका अध्यक्ष उदयनारायण सापकोटा,वडा नं. ६ का वडा अध्यक्ष सहदेव केसी, वडा नं. ७ का वडा अध्यक्ष विष्णु प्रसाद उप्रेती, वडा नं. ८ का वडा अध्यक्ष जितेन्द्र कुमार चौधरी, कार्यपालिका सदस्य नेत्र कुश्वार,चन्द्रपुर नगरापालिकाका कर्मचारीहरु,प्रहरी जवानहरु, संचारकर्मी लगायतको सहभागिता रहेको थियो ।

# बलात्कार आरोपमा साहलाई जन्मकैद सजाय

मधेशदृष्टि
राजविराज, १ चैत । सप्तरीको एक १० वर्षीया बालिकालाई बलात्कार गरेको कसुरमा एक अभियुक्तलाई जिल्ला अदालत सप्तरीले जन्मकैद सजाय सुनाएको छ ।

न्यायाधीश हर्कबहादुर क्षेत्रीको इजलासले सप्तरीकै डाक्नेश्वरी नगरपालिका-३ हटेलका १९ वर्षीय चन्दनकुमार साहलाई अदालतले जन्मकैद सजाय सुनाएको अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिएका छन् ।

अभियुक्त साहले बालिकालाई २०७८ फागुन २२ गते दिउँसो जबरदस्ती करणी गरेका थिए । पीडितकी आमाले इलाका प्रहरी कार्यालय कल्याणपुरमा घटनाकै दिन उजुरी दिएकी थिइन् । बुबाआमा ज्याला मजदुरीका लागि घरबाहिर गएको मौका छोपी आरोपितले घरदेखि पश्चिम रहेको पोखरीको डिलमुनि लगेर जबरदस्ती करणी गरेको पीडितले बयान दिएकी थिइन् । इलाका प्रहरी कार्यालय कल्याणपुरले आरोपितलाई २०७८ फागुन २२ गते पक्राउ गरेको थियो ।

जिल्ला अदालतमा २०७८ चैत १७ गते अभियोजनपत्र दायर भएकोमा जिल्ला न्यायाधीश प्रमेश पोखरेलको आदेशमा आरोपित २०७८ चैत २० गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा थिए ।

यस्तै सप्तरीकी २५ वर्षीया महिलालाई बलात्कार गरेको कसुरमा सप्तरी डाक्नेश्वरी नगरपालिका-८ का एक युवकलाई सात वर्ष कैद सजाय भएको छ । सप्तरी जिल्ला अदालतका न्यायाधीश श्याम विहारी मौर्यको इजलासले ३० वर्षीय सुन्दर मुखियालाई सात वर्ष कैद सजाय हुने फैसला गरेको हो ।

आरोपितलाई सात वर्ष कैदका साथै पीडितका लागि ५० हजार क्षतिपूर्ति दिनुपर्ने र फौजदारी कसुर राहत पीडित कोषमा एक हजार तीन सय जम्मा गर्नुपर्ने फैसला भएको अदालतका सूचना अधिकारी पोखरेलले जानकारी दिए । आरोपित ०७६ पुस ११ गते पक्राउ परेपछि माघ ६ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा थिए ।

# वनको ३७० बिघा व्यक्तिको नाममा कायम गराउन माफिया सक्रिय

मधेशदृष्टि
बारा, १ चैत । बारास्थित राष्ट्रिय वन क्षेत्रको ३ सय ७० बिगाहा जग्गा कागजी रुपमा घरधुरी खडा गरी व्यक्तिको नाममा कायम गराउन जग्गा माफिया सक्रिय भएका छन् ।

फिल्डबुकमा बुट्यान भनि उल्लेख भएको पूर्व-पश्चिम राजमार्गको पथलैया-निजगढ सडक खण्डको पिलुवा बडहर्वा हुलाकी सडकसँगै जोडिएको अर्बौं मूल्यको राष्ट्रिय वन क्षेत्रको जग्गा हडप्ने मनसायले जग्गा माफियाले नेपाल सरकारको ३८ वटा निकायबाट फाइल खडा गरेको भेटिएको छ ।

फिल्डमा अहिले पनि सिमलका पुराना रुखसहित जंगल क्षेत्र रहेको जग्गा मकवानपुरका ९ सय ७५ बाढी पीडित घरधुरीको नाममा फाइल खडा गरेर जग्गा प्राप्ति गर्न हरिलाल लामाले २०४५ सालदेखि नेपाल सरकारका सरोकारवाला मन्त्रालय, विभाग र जिल्लाका कार्यालयहरुमा निवेदन दिने र राजनीतिक तथा प्रशासनिक दबाबमा एक निकायबाट अर्को निकायमा पत्राचार गरेर फाइल खडा गर्ने गरेको अनुसन्धानको क्रममा भेटिएको छ ।

सो जग्गाको फाइल अहिले बारा जिल्ला भूमि आयोगको कार्यालयमा छ । सो जग्गा प्रस्तावित निजगढ अन्तर र्ष्ट्रिय विमानस्थलसँगै जोडिएको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १६ मा पर्दछ । मकवानपुर जिल्लाको तत्कालीन छतिवन गाविस वडा नं १ स्थायी घर भएका हरिलाल लामाले निवेदनमा आफू जीतपुरसिमरा उपमहानगर वडा नम्बर १६ को स्थानीयबासी भएको दाबी गरेका छन् तर सो वडाका वडाध्यक्ष हरिदेव खरेलले लामा आफ्नो वडाको बासिन्दा नभएको बताएका छन् ।

लामाले भूमि आयोगबाट जग्गाधनी पुर्जा प्राप्तिका लागि प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, वन मन्त्रालय, भूमि सुधार मन्त्रालय, विभाग, केन्द्रीय सुकुमबासी समस्या समाधान आयोगदेखि जिल्लाका सरोकारवाला निकायसम्म निवेदन दिने र पत्राचार गर्ने गरेको आयोगका बारा जिल्ला अध्यक्ष छविलाल उप्रेतीको भनाई छ ।

'वनको ३ सय ७० बिगाहा जग्गा प्राप्त गर्न नेपाल सरकारको ३८ वटा निकायमा पत्राचार भएको छ । यो जग्गा दिनु भनेर प्रधानमन्त्री, गृह मन्त्रालयदेखि उच्च राजनीतिक नेतृत्व पनि लागेको छ, यस्तोमा हामीले कसरी काम गर्ने ? वनको जग्गा दिनै मिल्दैन । हामी काम गर्न सक्दैनौं भनिदिएको छु मैले,' भूमि आयोगका बारा जिल्ला अध्यक्ष उप्रेतीले भने ।

लामाले ९ सय ७५ जना बाढी पीडितको नाममा सो



जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा उपलब्ध गराइदिन ३८ वटा सरकारी निकायमा निवेदन दिने र एक मन्त्रालयबाट अर्को मन्त्रालयमा पत्राचार गर्न लगाएको आयोगले जनाएको छ ।

लामाले २०३४ साल पुस १९ गते तत्कालीन श्री ५ को सरकारबाट मकवानपुर जिल्लाका बाढीबाट घरबारविहीन भएका परिवारलाई बाराको डुमरवाना, बादाफार, मनहर्वा र रामनगर क्षेत्रमा करिव ३ सय ७० बिगाहा जग्गा उपलब्ध गराउने निर्णय भएको भन्दै सो निर्णय बमोजिम जग्गा धनी पुर्जा उपलब्ध गराउन भूमि आयोगलाई दबाब दिँदै आएका छन् ।

'तत्कालीन वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगले २०४४ साल फागुन १४ गते र २०४५ साल मंसिर १२ गते बाढीपीडित भई विस्थापित परिवारलाई चितवन, बारा र पर्सा जिल्लामा बसोबास गराउने निर्णय गरेकाले हामीलाई बाराको डुमरवाना, बदाफार, मनहर्वा, रामनगर एरियामा वितरण गर्न बाँकी रहेको जग्गा पूर्वमा बाटो, पश्चिममा पसाहा खोला, उत्तरमा कुलो र दक्षिणमा आवादी रहेको चार किल्लाभित्रको साविक हरैया गाविस वडा नं १ रामनगरको २७७ बिगाहा १ कठ्ठा १३ धुर जग्गामा बसोबास गराउने निर्णय भएको थियो,' लामाले तयार गरेको पत्रमा उल्लेख छ ।

## ३८ निकायबाट पत्राचार

लामाले २०३४ सालमा तत्कालीन श्री ५ को सरकारको निर्णयको हवाला दिँदै २०६५ सालदेखि सो जग्गा आफ्नो नाममा कायम गर्न विभिन्न निकायबाट कागज खडा गरेका छन् । सो जग्गाको २०६५ साल माघ २४ गते तत्कालीन प्रधानमन्त्रीको निर्देशनमा भूमि सुधार तथा व्यवस्था मन्त्रालय मार्फत भूमि सुधार कार्यालय बारामा पहिलो पटक फाइल पेस भएको छ ।

तत्पश्चात भूमिसुधार कार्यालय बाराले उपलब्ध गराउने जग्गा छुट्ट्याई एक उच्चस्तरीय समिति समेत गठन गरेको भेटिएको छ । पछि फाइल केन्द्रीय सुकुमबासी समस्या समाधान आयोगमा पुगे पनि जिल्ला र सम्बन्धित वडाले काम अगाडि नबढाएपछि यो प्रक्रिया निरन्तर अहिलेसम्म चलिरहेको छ ।

लामाले २०४५ साल मंसिर २ गते वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, २०५७ साल फागुन २९ गते डुमरवाना गाविसको सिफारिस, २०५७ फागुन १३ गते प्रधानमन्त्री कार्यालयबाट, २०५७ साल चैत २१ गते केन्द्रीय सुकुमबासी आयोग, २०६१ साल साउन २२ गते भू-संरक्षण मन्त्रालयबाट वन विभागमा पत्राचार, सोही साल भदौ २३ गते भू संरक्षण मन्त्रालयबाट भूमिसुधार कार्यालयमा, २०६५ माघ २९ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयबाट भूमिसुधार मन्त्रालयमा, २०६५ फागुन २ गते भूमि सुधारबाट वन मन्त्रालयमा पठाएको सोही फाइल फागुन १२ वन मन्त्रालयबाट तत्कालीन जिल्ला वन कार्यालय बारामा पठाएको पाइएको छ । तर वन कार्यालय बाराले सो फाइल पुनः चैत ९ गते वन मन्त्रालयमा फिर्ता पठाएको देखिन्छ ।

यसरी लामाले जग्गा प्राप्तिका लागि एउटै फाइल ३८ वटा सरकारी निकायमा पालैपालो पुऱ्याएर उच्च राजनीतिक तथा प्रशासनिक निकायहरुबाट जिल्लाका सरोकारवाला निकायलाई दबाब दिँदै आएका छन् । 'यो जग्गामा अहिले पनि जंगल नै छ, यस्तो जग्गामा प्रधानमन्त्री, गृहमन्त्री, भूमिसुधार मन्त्रीमार्फत हामीलाई दबाब आएको छ तर यो काम हामी अगाडि बढाउन सक्दैनौं,' आयोगका जिल्ला अध्यक्ष उप्रेतीले भने ।

यता भूमि आयोगका सदस्यसचिव चन्दन दासले लामाले पेस गरेको कागजपत्रकै आधारमा वनको जग्गा दिनसक्ने पोख्त र चुरो प्रमाण नभएको बताए । 'जुन ठाउँमा जंगल छ, हामी त्यहाँ छुँदै छुँदैनौं, कहीँ कतै वनको जग्गा दिएको भेटिए स्वतः रद्द हुन्छ,' उनले भने ।

भूमि आयोगले ऐलानी जग्गामा १० वर्षदेखि भोगचलन गरेको आधारमा अव्यवस्थित बसोबासी तथा भूमिहीन सुकुमबासीलाई जग्गाधनी प्रमाण पुर्जा दिनसक्ने व्यवस्था छ तर वन क्षेत्रमा भूमि आयोगको कानुन लागु नहुने र वनको जग्गा नापजाँच गरेर पुर्जा दिएको भेटिए वन ऐन अनुसार स्वतः रद्द हुनसक्ने कानुनी व्यवस्था छ ।

# विद्युतीय चुलोप्रति मधेसवासीको बढ्दो आकर्षण

जनकपुरधाम, १ चैत
केही वर्षअघिसम्म घरका भित्ता र सडकमा समेत गाईवस्तुका गोबरलाई गुइँठा बनाएर सुकाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गर्ने मधेस प्रदेशका ग्रामीण क्षेत्रका वासिन्दा आजभोलि विद्युतीय चुलोतिर आकर्षित भएका छन् । गाउँ-गाउँसम्म केन्द्रीय प्रसारणको विद्युत् लाइन विस्तार भएसँगै भान्छामा स्वच्छ ऊर्जाको प्रयोग गर्नु पर्दछ भन्ने जनचेतनाका कारण विद्युतीय चुलोको प्रयोग बढ्न थालेको हो ।

यहाँका अधिकांश युवा वैदेशिक रोजगारमा जाने गरेको र कतिपय व्यक्तिहरूले स्वदेशमै विभिन्न व्यवसायमा संलग्न भएसँगै परिवारको आर्थिक स्थितिमा सुधार आउँदा पक्की घरको निर्माण गर्ने, भान्छामा एलपी ग्यास वा विद्युतीय चुलोको प्रयोगलाई प्राथमिकता दिन थालिएको छ । एलपी ग्यास प्रयोग गर्न सजिलो भए पनि कहिलेकाहीँ खोजेको बेला नपाउने, बजारसम्म सिलिन्डर लैजान-ल्याउन कठिन हुने र पड्किन सक्ने जोखिम हुने भएकाले पछिल्लो समय विद्युतीय चुलोको प्रयोगतर्फ स्थानीयवासीको आकर्षण बढ्न थालेको देखिन्छ ।

एकपटक खरिद गरेपछि लामो समयसम्म प्रयोग गर्न सकिने र घरमा जता पनि लगेर पकाउन मिल्ने भएकाले पनि यो चुलो गृहिणीहरूको रोजाइमा पर्न थालेको छ । एलपी ग्यासको तुलनामा विद्युतीय चुलो आर्थिक हिसाबले पनि सस्तो पर्ने भएकाले यसतर्फ उपभोक्ताहरू आकर्षित भएका हुन् । बटेश्वर गाउँपालिका सीतापुर खोरियाकी शिवकुमारी सिंह ग्यास चुलोमा भन्दा विद्युतीय चुलोमा खाना पकाउन सहज र सुरक्षित महसुस हुने बताउछन । उनको छ जनाको परिवारलाई बत्ती बाल्नुबाहेक बिहान-बेलुका दाल, भात र तरकारी पकाउन र दिउँसो चिया, खाजा बनाउँदा महिनामा सात-आठ सय रुपैयाँको विद्युत् महसुल लाग्ने गर्दछ । उनी भन्छन, "पहिला दुई हजार तिरेर ल्याएको ग्यासले महिना दिन पनि पुग्न मुस्किल हुन्थ्यो । अहिले विद्युतीय चुलो प्रगोग गर्न थालेपछि ग्यास किन्ने खर्च बचत भएको छ ।"

स्थानीय विद्यालयकी सोही ठाउँकी शिक्षिका कृष्णकुमारी सिंहलाई पनि विद्युतीय चुलो प्रयोग गर्न थालेपछि भान्छाको काममा श्रीमान् र छोराछोरीले पनि सहयोग गरेको बताउनुहुन्छ । विद्युतीय चुलोमा खाना छिटो तयार हुँदा विद्यालय समयमा जान सकेको बताउँदै उहाँ भन्नुहुन्छ, "मेरा देखासिकीबाट अन्य शिक्षकहरूले पनि विद्युतीय चुलो प्रयोग गर्न थालेका छन् ।"

पहिले त स्थानीय रेणुदेवी महतोलाई विद्युतीय चुलोमा रोटी पकाउन, मकै आदि भुट्न मिल्दैन होला भन्ने लागेको थियो । तर चुलोमा मिल्नेखालका भाँडोमा सबै चिज पकाउन मिल्ने भएकाले उहाँ अचेल सधैँ विद्युतीय चुलोकै प्रयोग गर्न थाल्नु भएको छ । उनी भन्छन, "अब ग्यास सकिएला कि, बजारमा नपाउने हो कि भन्ने चिन्ता भएन ।" सात महिनाअघि चुलो प्रयोग गर्न थालेपछि उहाँले ग्यास किन्न बजार नगएको उनी बताउछन् ।उपभोक्तालाई चुलो किन्न एकमुष्ठ रकम तिर्न नपरोस् भनी लघुवित्त संस्थाहरूले सहुलियत दरमा ऋण सेवासमेत उपलब्ध गराएका छन् । यहाँका ग्रामीण बस्तीका बासिन्दालाई स्वच्छ ऊर्जामा पहुँच पुऱ्याउने उद्देश्यले सामाजिक उत्तरदायित्वअनुसार मिथिला लघुवित्त संस्थाले विद्युतीय चुलो खरिदका लागि सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउँदै आएको छ । मधेस प्रदेशका आठवटै जिल्लालाई कार्यक्षेत्र बनाएको यस संस्थाले हालसम्म करिब पाँच हजार चुलोका लागि ऋण उपलब्ध गरिसकेको र आगामी चैतभित्र १० हजार घरपरिवारमा चुलो विस्तार गर्ने लक्ष्य लिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत महेशकुमार चौधरी बताउनुहुन्छ । उहाँका अनुसार संस्थामा आबद्ध निरक्षर महिलालाई विद्युतीय चुलो सञ्चालनसम्बन्धी तालिम प्रदान गरिएको थियो ।

विद्युतीय चुलोका प्रयोगकर्ता आफ्ना सदस्यहरूलाई मोबाइल एपमार्फत विद्युत् महसुल भुक्तानी गर्ने सुविधा दिन लागिएको बताउँदै उनले भने , "कतिपय सङ्घसंस्था र स्थानीय निकायले निःशुल्करूपमा वितरण गरेको चुलो प्रयोगमा नरहेको तर हामीले वितरण गरेको चुलो शतप्रतिशत उपयोगमा आएको छ ।" चुलोको फाइदाका बारेमा जनचेतना अभिवृद्धि गर्नु आवश्यक रहेको उनको भनाइ छ । साझेदार लघुवित्त संस्थाहरूले आफ्ना सदस्यहरूको बीचमा चुलोको फाइदा, उपयोग गर्ने तरिका तथा बिक्रीपछिको सेवाका बारेमा सचेतना फैलाएका छन् । लघुवित्त संस्थाहरूले ठूलो सङ्ख्यामा चुलो प्रवर्द्धन गर्नका लागि कम्पनीहरूसँग सहकार्य गरेकाले उपभोक्ताले बजार मूल्यभन्दा सस्तोमा चुलो किन्न पाएका छन् । साथै ग्यारेन्टी अवधि पनि एक वर्षबाट बढाएर डेढ वर्ष बनाइएको छ ।

विद्युतीय चुलो आपूर्ति गर्ने कम्पनीहरूले बिक्रीपछिको सेवाका लागिसमेत मर्मत केन्द्रहरूको स्थापना गरेका छन् । चुलो वितरणसँगै यसमा आउने प्राविधिक समस्याको समाधान गर्न ठाउँ-ठाउँमा वर्कसपहरू सञ्चालनमा आएका छन् । कतिपयले यसलाई राम्रो रोजगारीको क्षेत्रसमेत बनाएका छन् । जनकपुरधाम महानगरपालिका-९ वंशीचोकका गोपाल ठाकुर कायस्थले जुनसुकै ब्रान्डका विद्युतीय चुलोलगायत अन्य विद्युतीय उपकरणहरू मर्मत गरी राम्रो आम्दानी गरेका छन् ।

स्वदेशमा उत्पादित विद्युत्को उपयोग बढाउने तथा खाना पकाउनका लागि स्वच्छ ऊर्जाका प्रविधि प्रवर्द्धन गर्ने उद्देश्यले बेलायत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल सरकारद्वारा सञ्चालित नेपाल नवीकरणीय ऊर्जा आयोजनाले विद्युतीय चुलोको प्रवर्द्धनमा जोड दिएको छ । यस परियोजनाले छवटा साझेदार संस्थाहरूको सहकार्यमा ६० हजारभन्दा बढी विद्युतीय चुलोको प्रवर्द्धन गर्ने गरी सम्झौता गरेको छ । मधेस प्रदेशमा एक सय ३६ स्थानीय तहमध्ये ३४ स्थानीय तहमा पूर्णरूपले र एक सय दुई तहमा आंशिकरूपले विद्युतीकरण भएको छ । यहाँका कुल १० लाख ८९ हजार आठ सय ७४ घरधुरीमा तीन हजार सात सय ५९ घरमा विद्युतीकरण भएको छैन । विद्युत्को पहुँच पुगेका घरपरिवारमा खाना पकाउने ऊर्जाको रूपमा विद्युतीय चुलोको प्रयोगलाई बढाउन प्रयास भइरहेको बताउँदै परियोजनाका मधेस प्रदेश संयोजक अभय कर्ण भन्छन, "स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन उनीहरूमा स्वच्छ ऊर्जाको पहुँच विस्तार गर्नु आवश्यक हुने भएकाले यसलाई उच्च प्राथमिकता दिइएको हो । निर्धारित अवधिभित्रै लक्ष्य हासिल हुनेछ ।"

विद्युतीय चुलो प्रवर्द्धनका लागि बजारमा आधारित प्रणाली अवलम्बन गरी दिगोरूपमा विद्युतीय चुलोको उपयोग बढाउने रणनीति कार्यक्रमको रहेको छ । यस परियोजनामार्फत हालसम्म १० हजारभन्दा बढी विद्युतीय चुलो प्रवर्द्धन भइसकेको परियोजनाका उपटोली प्रमुख प्रेमसागर सुवेदी बताउनुहुन्छ । उहाँ नवीकरणीय ऊर्जा परियोजनाहरूमा निजी तथा सार्वजनिक क्षेत्रको लगानी प्रवर्द्धन गर्ने उद्देश्यले केन्द्रीय नवीकरणीय कोषअन्तर्गत रहने गरी दिगो ऊर्जा चुनौती कोषको स्थापना गरिएको र यसबाट निजी क्षेत्रका व्यवसायीहरूलाई उपकरण बेच्ने मात्र नभई ऊर्जा उद्यमीको रूपमा प्रवर्द्धन गर्ने अवसर प्राप्त हुने विश्वास व्यक्त गर्नुहुन्छ । नवीकरणीय ऊर्जाका आयोजनाहरूको दिगोपनमा योगदान पुऱ्याउनुको साथै ती आयोजनाहरूको प्रतिफल जनतासम्म निरन्तर पुऱ्याउने तथा कर्जाका लागि वित्तीय मध्यस्थतासमेत हुने भएकाले कोष निकै प्रभावकारी हुने बताइएको छ ।

परियोजनाका टोली प्रमुख सुमन बस्नेतका अनुसार हरेक बस्ती ऊर्जा बस्तीको अवधारणाअनुसार खानेपानी, सिँचाइ, सौर्य सडकबत्ती, राष्ट्रिय प्रसारण लाइनमा आबद्ध गरिने विकेन्द्रीकृत ऊर्जा प्रणालीबाट ऊर्जा उत्पादन, नेट मिटरिङ, ऊर्जा सम्मिश्रण र रुफटप सौर्य प्रणालीमा लगानी गरिनेछ । राष्ट्रिय प्रसारण लाइन पुगिसकेका क्षेत्रमा रहेका साना, लघुजलविद्युत् तथा अन्य मिनीग्रिड आयोजनाहरू राष्ट्रिय प्रसारणमा जोड्न सकिने उहाँ बताउनुहुन्छ । परियोजना कार्यान्वयनबाट आम उपभोक्ता सबैलाई स्वच्छ ऊर्जाको पहुँच विस्तार गरी जीवनस्तरमा सुधार ल्याउन र आयातित तथा परम्परागत ऊर्जाको निर्भरतालाई कम गरी मुलुकलाई ऊर्जा आत्मनिर्भर हुन सहयोग पुग्नेछ । साथै बढ्दो व्यापार घाटालाई न्यून गर्न पनि सहयोग पुग्ने हुँदा मुलुकको अर्थतन्त्रमै सकारात्मक प्रभाव पर्ने बताइएको छ ।रासस

# करेन्ट लागेर एक जनाको मृत्यु

मधेशदृष्टि
रौतहट,१ चैत ।

रौतहटमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । जिल्लाको राजदेवी नगरपालिका एक किसानको खेत बारीमा पानी पटाउने क्रममा करेन्ट लागेर मृत्यु भएको छ । राजदेवी नगरपालिका वडा नम्बर ७ मुडवलवा निवासी अनुप लाल यादवको छोरा अन्दाजी ४० वर्षीय श्याम यादवको करेन्ट लागेर आज बेलुका मृत्यु भएको छ ।

उँखु खेतमा सिंचाई गर्दैगर्दा मोटर बाट पानी तान्ने क्रममा बुधवार बेलुका साढे ५ बजे करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

आफ्नै उँखु खेतमा बिधुतीय लाईनबाट मोटर जोडेर पानी पटाउदै गर्दा करेन्ट लागि मृत्यु भएको छ । करेन्ट लागेर घाईते भएका यादव लाई प्रादेशिक अस्पताल गौरमा उपचारका लागि लगीएको थियो ।

अस्पतालमा लैजाँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतक यादवको शव लाई पोष्मार्टम गरी परीवार जनलाई बुझाएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी उमाशंकर यादवले जानकारी दिए ।

# महोत्तरीमा आगलागी एकको मृत्यु एक घाइते

मधेशदृष्टि
महोतरी, १ चैत । महोत्तरीको वल्वा स्थित परौल टोलमा आगलागी हुँदा एक जनाको मृत्यु भएको छ । आगलागीमा परी एक जना घाइते भएका छन् । आगलागीमा परी स्थानीय ५० बर्षिय चन्दनदेवी मृत्यु भएको हो। ५२ वर्षीय जयकरण यादव घाईते भएका हुन् । स्थानीय रामसागर यादवको घरमा लागेको आगोमा परी घाइते भएका दुवै जनालाई स्थानीय र प्रहरीले तत्काल उद्धार गरि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याएका थिए । घाइते मध्य चन्दन देवीको उपचारको क्रममा मृत्यु भएको छ भने जयकरण यादवलाइ थप उपचारको लागी काठमाडौं लगिएको छ ।रामसागर यादवको घरको भान्साबाट एक्कासि लागेको आगलागीबाट उनको झण्डै ८० हजार बराबरको क्षति समेत भएको छ। यादवको भित्र राखेको भाँडाकुँडा र लत्ताकपडा पूर्णरुपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# विपद् व्यवस्थापन प्रतिकार्य योजना सम्बन्धी गोष्ठी सम्पन्न

आरके श्रीवास्तव
गरुडा,१ चैत । रौतहट जिल्लाको कटहरिया नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी सम्पन्न भएको छ । सो नगरपालिकाको वडा नम्बर ५ स्थित रहेको नगरपालिकाको सभा कक्षमा एक दिने गोष्ठी सम्पन्न भएको हो । रौतहट जिल्लाका सिमान्तकृत समुदायहरुमा बाल संरक्षण र कल्याण सुनिश्चितता परियोजना अन्तर्गत सो गोष्ठी भएको थियो ।

आरडिसि नेपाल,इस्लामिक रिलिफ आयोजना र कटहरिया नगरपालिकाको समन्वयमा भएको गोष्ठीमा कटहरिया नगरपालिकाका प्रत्येक वडाका वडा अध्यक्ष,वडा सदस्य, जनप्रतिनिधी,कर्मचारीहरु उपस्थिति रहेको थियो ।



गोष्ठीमा प्राकृतिक विपदहरुका कारण, अहिलेका नीतिगत व्यवस्था, पूर्वतयारी, निजी क्षेत्रले निर्वाह गर्नुपर्ने भूमिका, अहिलेका समस्या र चुनौतीका साथै आगामी दिनमा विपद् को समयमा हुन सक्ने जोखिम तथा क्षति न्यूनीकरणको लागि अपनाउनुपर्ने पहल लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

कार्यक्रमको अध्यक्षता नगर प्रमुख अजय प्रकाश जयसवालले गर्नु भएको थियो । सो अवसरमा नगर उपप्रमुख रिता देवी यादव,प्रमुख प्रशासकिय अधिकृत रामप्रकाश साह,वडा नम्बर ८ का वडा अध्यक्ष समिश बिक्रम साह,वडा नम्बर १ का वडा अध्यक्ष भूपेन्द्र महतो,वडा नम्बर ५ का वडा अध्यक्ष सर्फलाल गुप्ता,वडा नम्बर ६ का वडा अध्यक्ष जयराम चौधरी,वडा नम्बर ९ का वडा अध्यक्ष रुपेश यादव लगायतका व्यक्तीहरु सहभागी थिए ।

# औरही गाउँपालिकामा एकीकृत निः शुल्क स्वास्थ्य शिविर

मधेशदृष्टि
जनकपुरधाम,१ चैत ।
धनुषाको औरही गाउँपालीका १ पौडेश्वर स्वास्थ्य चौकीमा एकिकृत निशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

एकीकृत निः शुल्क स्वास्थ्य शिविरमा महिला पुरुष गरि ३९६ जनाको नि :शुल्क स्वास्थ्य परिक्षण गरि औसधी वितरण गरिएको छ ।

औरही गाउँ पालिका को कार्यलाई देउरी परवाहा स्वास्थ्य शाखाको आयोजनामा एक दिने निः शुल्क स्वास्थ्य शिविर औरही गाउँपालिका वडा नम्बर १ का अध्यक्ष अशेश्वर यादवको अध्यक्षता तथा गाउपालिका अध्यक्ष उमा शंकर प्रसाद साहको प्रमुख अतिथियमा सम्पन्न भएको हो ।



संविधान प्रदत्त मौलिक हक शिक्षा र स्वास्थ्य लाई हाम्रो गाउँ पालोकाले प्राथमिकतामा राखेको बताउदै शिक्षा र स्वास्थय एक अर्काको परिपुरक भएकोले स्वास्थय जिवनका लागी गाउँ पालिकामा स्वास्थ चेकजाच शिविर आयोजन गरेका कार्यक्रम सम्बोधनका क्रममा गाउपालिका अध्यक्ष उमा शंकर प्रसाद साहले प्रकाश पारेका थिए । निः शुल्क स्वास्थ्य शिविरमा कन्सल्टेन्ट फिजिसियन डा. कृष्ण कुमार यादव, जेनरल सर्जन डा. सुजित यादव, डा .प्रदिप यादव डा.धण्श्याम गुप्ता, स्वास्थ्य शाखा प्रमुख फेकन यादव लगायत स्वास्थ्य चौकीका स्वास्थयकर्मीहरुको सक्रिय सहभागितामा बिरामीहरुलाई चेकजाँच गरिएका थिए ।

# मौलापुरमा मेयर साहद्वारा बिद्यालय अनुगमन

आरके श्रीवास्तव
गरुडा,१ चैत । रौतहटको मौलापुर नगरपालिकाकी नगर प्रमुख रिना कुमारी साहले गुणस्तरीय शिक्षाको लागि बिधालय अनुगमन गरेकी छन् ।

नगर भित्र रहेको सामुदायिक बिधालयहरुमा शिक्षालाई थप प्रभावकारी रुपमा पार्न बिधालय अनुगमन गर्नु भएको हो । नगरपालिकामा रहेको बिधालयको शैक्षिक अवस्था बारेमा वास्तविक के रहिछ त्यो समस्या छिटो समाधानका गर्न आफू स्वंम बिधालयमा गएको बताएकी छन् । साथै सरकार बाट आएको सेवा सुबिधाहरु प्रयोगमा ल्याएको अबस्थामा बुझ्न देखि लिएर दिवा खाजा बालबालिका हरुलाई निरन्तरता लगायतको विषयमा अन्तरक्रिया गरेको बताइन् ।



शिक्षा मानव जीवनको तेर्सो अंगको रूपमा भएको हुँदा शिक्षा क्षेत्रमा आफ्नो बढी जोड रहेको बताइन् । सरकारी बिधालयका बालबालिकाको पढाई आउँदा दिनहरूमा थप कसरी गुणस्तरीय शिक्षा व्यवस्थापन गर्ने समबन्धमा पनि छलफल गरेको बताइन् । नगर प्रमुख रिना कुमारी साहले शिक्षा क्षेत्रलाइ विशेष प्राथमिकतामा राख्द कुल नगरको बजेट मध्ये ४०% बजेट शिक्षामा छुट्टयाएको बताइन् ।

आज(बुधवार) वहाँले मौलापुर नगरभरिको श्री मावि मर्यादपुर ,श्री आधारभुत चिरचिरिया, श्री मावि गम्हरिया,श्री जबाहर साह मावि,श्री अद्भुतनाथ प्रावि लगायत बिधालयहरुमा अनुगमन गर्न पुगेकी थिइन् । सो अवसरमा शिक्षा संयोजक राजेन्द्र प्रसाद साह,लेखापाल जयप्रकाश महतो,रोजगार संयोजक सुमन आर्याल लगायतका व्यक्तीहरुको रहेको थियो ।

# पर्सामा तिलगंगाको शाखा अस्पताल संचालनमा आउने

मधेशदृष्टि
वीरगंज, १ चैत ।
पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नंबर ५ निचुटामा तिलगंगा आँखा अस्पतालको शाखा अस्पताल सन्चालनमा आउने भएको छ ।

पटेर्वासुगौली गाउँपालिकाको पहलमा निचुटा स्थित स्वास्थय चौकीकै परिसरमा आगामी बैशाखको अन्तिम साता देखि काठमाण्डौको तिलगंगा आँखा अस्पताल सन्चालनमा आउने भएको हो । काठमाण्डौमा तिलगंगा आँखा प्रतिष्ठानद्वारा संन्चालित तिलगंगा आँखा अस्पतालको शाखाको रुपमा निचुटामा तिलगंगा सामुदायिक आँखा केन्द्र संन्चालनमा ल्याउने तयारी भइरहेको पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष दिनेश चौधरीले बताएका छन् । गाउँपालिका आफैले निचुटा स्वास्थ चौकीमा ३ कोठे एक तल्ले भवन निर्माण गेरर उक्त नयाँ भवनमा आँखा केन्द्र सन्चालन गर्नका लागि तयारी गरिरहेको अध्यक्ष चौधरीले जानकारी दिए ।

तिलगंगा आँखा अस्पतालको शाखा स्थापना र सन्चालनका लागि सरोकारवालाहरुको टोलीले निचुटामा स्थलगत अनुगमन पनि गरेको छ । उक्त टोलीमा पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष चौधरी, पुर्व डिआईजी पिताम्वर अधिकारी ,सिनियर अहेव प्रमोद कर्ण, समाजसेवी मोतिलाल चौधरी,शत्रुधन साह, विपिन मुखिया लगायतको सहभागिता थियो ।


## ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)
## तालिमको सार्वजनिक आह्वान

IFAD
Investing in rural people

**प्रथम पटक प्रकाशित**
**मिती : २०७९ फाल्गुन ३० गते**

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) को सहयोगमा यस क्रियटिभ स्कील्स प्रा.लि.बीरगंज पर्सा द्वारा बिभिन्न विषयको निशुल्क तालिम (तह १) शुरु हुनगइरहेको छ । तालिमपछि त्यसलाई नै पेशा बनाएर अगाडि बढ्न चाहनेबेरोजगार महिला, वैदेशिक रोजगारबाट फर्किएका, आर्थिकबिपन्नता र सामाजिक रूपमा विभेदमा परेका इच्छुक व्यक्तिहरूले फाराम भर्नु हुन अनुरोध गरिन्छ ।

**योग्यता र प्राथमिकताका आधारहरू:**

**उमेर :** १८ देखि ४० बर्ष (२५ प्रतिशत प्रशिक्षार्थीहरू ४० बर्ष भन्दा माथिका हुन सक्नेछन्)

**आधारभूत योग्यता :** आयोजनाको कार्यक्षेत्र भित्रका जिल्ला/गाउँ/नगरपालिका भित्रका युवा जो आर्थिक रूपमा बिपन्न छन् र तालिम पश्चात सोही पेशामा रोजगारी गर्ने चाहना राख्छन्

**शैक्षिक योग्यता :** शैक्षिक योग्यताको बन्देज राखिएको छैन तर विद्यालय/विश्वविद्यालयका नियमित विद्यार्थीहरूका लागि होइन

**प्राथमिकता :** महिला, वैदेशिक रोजगारबाट फर्किएका र तिनका परिवारका सदस्य, आर्थिक रूपले विपन्न तथा सामाजिक रूपले विभेदमा परेका समुदायका वेरोजगार युवा ।

| श्रेणी | विवरण |
|---|---|
| क | विभेदमा परेका समुदायका आर्थिक रूपले विपन्न महिलाहरू (दलित, एकल महिला, अपाङ्गता भएका[11] एच.आइ.भी/एडस् सङ्क्रमित, अनाथ, पूर्व बँधुवा मजदूर, घरेलु हिंसाको दुष्चक्रमा परेका, यौन हिंसाको शिकार भएका/यौन व्यवसायमा संलग्न हुन बाध्य भएका) । |
| ख | आर्थिकरूपले विपन्न सबै जातजातिका महिला जो 'क' श्रेणी परेनन्। |
| ग | वभेदमा परेका समुदायका आर्थिक रूपले विपन्न पुरुषहरू (दलित, जनजाति, मधेशी, अपाङ्गता भएका, एचआइभी/एडस् सङ्क्रमित) |
| घ | आर्थिक रूपले विपन्न सबै जातजातिका पुरुष जो 'ग' श्रेणी परेनन् |

सबै उम्मेदवारहरूले आवेदन फाराम सँगै पहिचान खुल्ने कागजातहरू (नागरिकताको प्रमाण पत्र वा मतदाता परिचय पत्र वा सवारी चालक अनुमति पत्र वा अप्राबासी परिचय पत्र) साथै पासपोर्ट साइजको फोटोसंलग्न गर्नुपर्नेछ । आयोजनाको आपूर्ति श्रृङ्खलाको टोलीबाट सिफारिस भई आएकाहरूको हकमा भने आवेदन फाराम तैं भर्नुपर्ने तर छनोट प्रकृयामा सहभागी हुनु नपर्ने अर्थात् तालिममा स्वतः सहभागी हुन पाउने छन्।

**तालिम विवरण:**

| पेशा | आवश्यक सहभागी सङ्ख्या | तालिम हुने स्थान |
|---|---|---|
| सहायक ब्युटीसियन | २०० जना | कलैया उ.म.न.पा.(२० जना), जीतपुसिमरा उ.म.न.पा.(२० जना), गौशाला न.पा. (२० जना), गोलबजार न.पा. (४० जना), हरिवन न.पा. (२० जना), लालबन्दी न.पा.(२० जना), बर्दिबास न.पा.(४० जना) र धनगढीमाई न.पा. (२० जना) |
| बिल्डीङ्ग ईलेक्ट्रिसियन | १२० जना | कोल्हवी न.पा.(२० जना), प्रसौनी गा.पा.(२० जना), लहान न.पा. (४० जना) र सखुवानन्करकट्टी गा.पा. (४० जना) |
| मोबाईल फोन रिपेयर टेक्नीसियन | ६० जना | कलैया उ.म.न.पा.(२० जना), जीतपुसिमरा उ.म.न.पा.(२० जना) र प्रसौनी गा.पा.(२० जना) |
| फेशन डिजाईनर | २० जना | कोल्हवी नं.पा. (२० जना) |

**फाराम पाइने र पेश गर्नुपर्ने स्थान :** समबन्धीत पालिका तथा व
**तालिम तथा रोजगार सेवा प्रदायक संस्थाको पूरा नाम र ठेगाना** : क्रियटिभ स्कील्स प्रा.लि. बीरगंज-८,पानीटंकी,पर्सा
**फाराम बुझाउने अन्तिम मिति :** २०७९ चैत्र १४ गते
**तालिम शुरु हुने मिति :** २०७९ चैत्र २० गते **तालिम समापन मितिः** २०८० आषाढ १ गते **तालिम अवधि :** ३९० घण्टा
**तालिमका लागि सम्पर्क**

| मुख्य कार्यालय | |
|---|---|
| क्रियटिभ स्कील्स प्रा.लि. बीरगंज-८,पानीटंकी,पर्सा सम्पर्क नं. ०५१५३०२२५,९८०२९३०२२५ | बारा जिल्ला को लागि राधा हमाल मोबाईल नं.९८०२९९४९८८,९८०२५३८९९८ सर्लाही जिल्ला को लागि अन्तिमा गुप्ता मोबाईल नं.९८१५२२२२७१ महोतरी जिल्ला को लागि निरु कुमारी मोबाईल नं.९८१३९०३८९५ सिरहा जिल्ला को लागि असुना जोशी मोबाईल नं.९८१९९४८७८७ |

HELVETAS NEPAL

[11] फरक क्षमता भएका व्यक्तिहरूले कम्तिमा व्यावसायिक कार्य र कर्तब्य गर्न सक्षम हुनुपर्दछ ।


# जनज्योती क्यामपसका बिद्यार्थी नेता भोट मागन व्यस्त

मुकेश कुमार साह
रौतहट,१ चैत्र । रौतहटको स्ववियु निर्वाचन हुने एक मात्र क्याम्पस जनज्योती बहुमुखि क्याम्पस चन्द्रनिगाहपुरका बिधार्थी लाई यतिबेला चुनाव लागेको छ ।

जनज्याती बहुमुखि क्याम्पस चन्द्रनिगाहपुरमा यतीबेला तीन वटा प्यानल चुनावी मैदानमा रहेका छन् ।

नेकपा एमाले , एकीकृत समाजवादी ,माओवादी केन्द्र र जनतमत पार्टी निकटका विद्यार्थीहरु एक प्यानल भएर चुनावी मैदानमा रहेका छन् । यता नेपाल विद्यार्थी संघ र जनता समाजवादी निकटको विद्यार्थी संगठन छुट्टा छुट्टै उम्मेद्वार लिएर मैदानमा रहेका छन् ।

बिधार्थी संगठनहरुले चुनावी प्रचार प्रसारलाई तिब्र पारेका छन् । उनीहरु स्ववियु निर्वाचनमा घर घरमा गएर भोट माग्न थालेको छ ।



नेपाल विद्यार्थी संघको रौतहट जिल्लाको टोली टोलमा पुगेर आफ्ना उम्मेदवारहरूको लागि भोट मागेका छन् ।

नेविसंघको टोलीले चन्द्रपुर, वृन्दावन र गुजरा नगरपालिका भित्र रहेका जन ज्योति बहुमुखी क्याम्पसका विद्यार्थीको घरमा भोट माग्न थालेका छन् ।

विद्यार्थी संगठनहरूले आफ्ना उम्मेदवारहरूलाई विजयी गराउन प्रचार प्रसारलाई तिव्रता दिएका हुन् । प्रगतीशिल संयुक्त विद्यार्थी संगठनले पनि आफ्नो प्रचार प्रसारलाई तिब्र पारेको सो संगठनका सचिवका उम्मेदवार दामोदर उप्रेतीले जानकारी दिएका छन् ।

चैत ५ गते हुने निर्वाचनका लागि आफुहरु विद्यार्थीको घर घरमा पुगेर मत माग्न व्यस्त रहेको नेविसंघका सभापतिका उम्मेदवार संगम श्रेष्ठले जानकारी दिएका छन् ।

नेपाल विद्यार्थी संघबाट सभापतिमा संगमश्रेष्ठ ,प्रगतीशिल संयुक्त विद्यार्थी संगठनबाट राधेश्याम बैठा ,जनता समाजवादी विद्यार्थी युनियनबाट आशिष लामा जनज्योती बहुमुखी क्याम्पसमा सभापतिका उम्मेदवार रहेका छन् ।

**सम्पादकीय**

## बोहनी कुर्नुपर्ने अवस्थालाई चिनौं

देशकै आर्थिक राजधानी वीरगंजको व्यापार व्यवसाय निकै खस्किएको छ । व्यापारीहरू बढेको घरभाडा र बैंकको वृद्धि भएको ब्याज तिर्न नसक्ने अवस्थामा पुगेका छन् । उनीहरूको हालत खराब हुँदा पलायन रोज्नु पर्ने अवस्थामा पुगेको बस्तुगत व्यापार व्यवसाय गरिरहेका व्यवसायी, उद्योगी पीडा ओकलिइरहेका छन् । यो पीडा देशभरका उद्योगी, व्यापारीको पनि हो । यद्यपि आर्थिक नाका वीरगंजकै व्यापारी बढी आहत भएपछि यसले देशभर गर्ने सञ्चार सुखद हुनै सक्दैन ।

तथ्यांकले पनि वीरगंजबाट हुने आयात व्यापार ह्वात्तै घटेको छ । दैनिक १ हजार २ सय देखि १ हजार ३ सय वटासम्म मालबाहक ट्रक भित्रिइरहेको वीरगंज नाकाबाट मुस्किलले ४ सयदेखि ५ सय सवारी साधन भित्रिइरहेका छन् । चालु आर्थिक वर्षको माघसम्ममा १ लाख ४ हजार ४ सय ५८ वटा सवारी भित्रिएको पाइएको छ । जबकि यो तथ्यांक यही अवधिमा अघिल्लो वर्ष १ लाख ३७ हजार ६ सय ५२ थियो । यस वर्ष ७ महिना अवधिमा ४१ हजार ८ सय ८ मालबाहक सवारी साधन आवागमन घट्नु आफैँमा व्यापार व्यवसायको नाजुक अवस्था हो । आयात नै घटेपछि व्यापार व्यवसाय फस्टाउने सम्भावनै रहेन । सम्भावना खोज्दाखोज्दै, धैर्य गर्दागर्दै व्यापारीहरू पलायन हुने दिन आएको व्यापारीहरु बताउँछन् ।

मधेश आन्दोलनले पनि व्यापार व्यवसायमा संकट निम्तियो । यातायात ठप्प हुँदा आयात निर्यातका काम प्रभावित भए । जब मागअनुसारका सामान ओसार पसारमा अवरोध भयो, व्यापार व्यवसाय धरासायी बन्यो । लामो समय मधेशले राज्यको ध्यानाकर्षण गराइरहँदा व्यापारको पाटोबाट हेर्ने हो भने उद्योग व्यवसाय ठप्प रहे । उपभोक्ताले मागअनुसारका सामान पाएनन् भने आएका सामान धेरै समयसम्म भन्सारमा थन्किँदा राजश्व प्रभावित भयो । उद्योगी, व्यवसायीको लगानी फस्यो । यो संकटबाट विस्तारै फस्टाउन खोजेको व्यापार व्यवसाय फेरि पनि सही बाटोमा हिँड्न पाएन । मधेश आन्दोलनपछि खस्किएको बजार उठ्ने जमर्को गरिरहँदा सफल हुन सकेन ।

उसो त दोहोऱ्याइदोहोऱ्याइ आएको कोरोना, भएका लकडाउन र त्यसपछि छाएको डेंगुको कहरले पनि बजार थिलोथिलो भयो । व्यापारको मौसममा सटर बन्द गरेर बस्नु पर्ने बाध्यता लामो समय रह्यो । व्यापारी बजार बन्द गरेर बसे । उपभोक्ता शहरमा आउन सकेनन्, आउन पाएनन् । दूरी कायम गर्ने नाममा भएको 'सतर्कता र सावधानी'ले पनि सबैभन्दा बढी अर्थतन्त्रमै प्रहार भयो । उठ्नै नसक्ने गरी बजार थला पऱ्यो । उत्पादित सामान ग्राहक र उपभोक्ताको घरसम्म पुग्नै पाएन । भएका लगानी डुब्दै जाँदा व्यापारी पलायन हुने नै भए ।

प्रदेश र स्थानीय सरकारको अभ्यासपछि नयाँ व्यापारिक केन्द्र सञ्चालनमा आए । व्यापारिक केन्द्रमै उपभोक्ता र ग्राहकले रोजाइका सामान र बस्तु खरिद गर्न पाए । यसले पनि व्यापारिक नाका वीरगंजको व्यापार घटाउँदै लग्यो । उपभोक्ता र ग्राहकले वैकिल्पक बजार र सुलभ मूल्यमा सामान पाउँदा पुराना र स्थापित बजार विस्तारै व्यापारहीन हुने वातावरण बनिरहँदा वीरगंज पनि यसबाट अछुतो रहन सकेन । वीरगंजको दक्षिणमा भारतीय बजार रक्सौल छ, जहाँ खाद्यान्न,लत्ताकपडा र किचेर वेयर लगायतका सामाग्री किन्नेहरुको घुइँचो हुन्छ । दाल, चामल, चिनी लगायतका सामाग्रीकै लागि सीमापारीका बजार जाने गर्दछन्, गुहिणिहरु ।यस बाहेक वीरगंजको उत्तरका  सिमरा लगायत हाइवेको बजारहरु गुल्जार हुने क्रममा छन् ।  उत्तर दक्षिण दुबै तर्फबाट मारमा परेको त होइन वीरगंज ?

७ बाट १७ प्रतिशत पुगेको ब्याजदर, बढेको कोठाभाडा, उस्तै महँगीले उपभोक्तासँगै उद्योगी, व्यापारी पनि मारमा परे । यो भनेको तात्कालिक समस्या हो । खास गरेर पछिल्ला केही महिनायताको । तर, किन यस्तो अवस्था आयो ? उपभोत्ताको क्रमशक्ति कमजोर भएको हो ? उपभोत्ताका आवश्यकताहरु सिमित भएका हुन् वा वीरंगजको व्यापार अन्यन्त्र पलायन भयो ? उत्तर खोज्नुपर्ने हुन्छ वीरगंजका व्यवसाय, व्यापारीहरुले । रोग पत्ता लगाएपछि मात्र उपचार खोज्नु वुद्धिमानी हुन्छ । त्यसपछि मात्र के गर्ने, कसरी गर्ने रणनीति आवश्यक हन्छ ।

पछिल्लो समय आर्थिक सुचकहरु सकारात्मक देखिदैं गएका छन् । अर्थतन्त्र विस्तारै चलायमान भएर लयमा फर्किएको छ । बैंकको ब्याज घट्दो क्रममा छ । तसर्थ उच्च बैंक ब्याजमात्र समस्या होइन । खासमा व्यापार खुम्चिएको हो भने त्यसको उपचार खोज्नु पर्यो। प्रतिस्पर्धी बजारमा माग र आपुर्तिको अर्थशास्त्रीय सिद्धान्तमा व्यापारी र  बैंकहरूसँग ऋण र ब्याजको संझौता, समन्वय हुने हुन्छ । ऋण र व्याजका लागि सरकारी हस्तक्षेप हुन थाल्यो भने खुला र प्रतिस्पर्धी बजार प्रणलीको श्रृखला भत्कन्छन् । बोहनी कुर्नुपर्ने अवस्थाबाट माथि उकासिन, व्यापारी, उद्यम व्यापारीका संघ संस्थाहरुले सुक्ष अध्ययन गर्नुपर्दछ । रक्सौलमा हुने नेपालीको भिडभाड र हाइवेका बजारमा बाक्लै देखिने उपभोत्ताकै कारण वीरगंजको व्यापार खुम्चिएको हो भने ती उपभोत्तालाई कसरी आकर्षित गर्ने त्यसै अनुरुपका योजना आवश्यक हुन्छन् ।

# आरक्षणले राज्य संरचनाको अनुहार बहुरूपी देखिन थालेको छ

*आरक्षित सुविधाको एकै व्यक्ति, परिवार, जाति, क्षेत्र, लिङ्ग र वर्गको कब्जामा रहेको आंशिक सत्य मान्न नसकिने होइन, किनकि हाम्रो नीतिगत र कानुनी प्रावधान नै त्यस्तै रहेको छ । तर ऐनामा फोहोर लाग्यो भन्दैमा ऐना नै फाल्ने होइन कि ऐनाको फोहोर सफा गर्ने कार्य चाहिँ बुद्धिमानी होला । के मनन गर्न जरूरी छ भने आरक्षण पद्धति नै गलत नभई केही व्यक्ति वा पात्रको क्रियाकलाप गलत हुन सक्छ*



**– डा. लोकबहादुर लोप्चन**

नेपालको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक लगायत तमाम आयामहरू एकल बढी, बहुल कम छन् । बहुल चरित्रलाई सम्बोधन गरी हरेक पृष्ठधारका नागरिकका लागि सही स्थान र सम्मान प्रदान गर्नको लागि राज्य, सरकार, जनता सबैको उत्तिकै जिम्मेवारी र कर्तव्य रहेको छ । तथापि, नेपालको विगत ३०० वर्षको सामन्ती संरचना, सोच, संस्कारबाट वशीभुत हुँदै आएको हाम्रो नियति र वर्तमान पूँजीवादी उपनिवेशीकरणको माखेसाङलोमा जिम्मेवार व्यक्ति, निकाय र सचेत वर्ग नै किंकर्तव्यविमूढ छन् । हामी दुई खाले अतिवादी राष्ट्रियताको धारको चेपुवामा छौँ कि एकथरि मान्छेहरू नेपालमा जाति वा भाषिक नाम गरेको कुनै जात वा समुदायको नाममा एकल राज्यको नवीन संस्करण सिर्जना गर्न चाहन्छन् भने अर्काथरि यस्ता मान्छेहरू छन् जसले बहुल राज्य भन्ने बित्तिकै विखण्डन वा राष्ट्रप्रतिको विद्रोहको आक्षेप लगाउन पुग्छन् । यस्ता खाले अतिहरू नै नेपालको सन्दर्भमा बहुल पहिचानसहितको राष्ट्र निर्माणका असली बाधक हुन् चाहे ती सडकमा हुन् या सत्तामा । तसर्थ वर्तमान नेपालको सन्दर्भमा आजतक प्राप्त प्रजातान्त्रिक वा लोकतान्त्रिक उपलब्धिलाई संस्थागत गर्दै समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको सबै संरचना वा तहमा समानुपातिक, समन्यायिक र सार्थक प्रतिनिधित्व गराउँदै राज्यको सबलीकरण गरिनुपर्दछ । जसले मझधार वा सम्यक मार्ग प्राप्त भई सबैलाई समेट्छ वा संकुचित जात, समुदायबाट बृहत र बहुल राष्ट्रियताको साझा फूलबारी तयार हुन्छ ।

जब राज्यरूपी ऐनामा सबै जाति, समुदाय, भाषा, क्षेत्र, वर्ग, संस्कृति र संस्कारको प्रतिबिम्बन हुन थाल्दछ, त्यही विन्दुबाट बहुल राष्ट्र निर्माणको जग तयार भई बहुल राष्ट्रियताको तला थपिँदै जान्छ (एन्डरसन, २००६) । त्यो बहुल राज्य नभई बहुल राष्ट्रियता हो तर विखन्डन होइन । बरू त्यो त बहुलताको अङ्गीकरण हो, यसबाट त राष्ट्रियताको बहुरङ्गी इन्द्रेणी रङको सिर्जना मात्र नभई यो बहुल राष्ट्रियतातर्फको यात्रा विविधतामा एकता सिर्जनाको मूलमन्त्र हो ।

### विषय सन्दर्भ

नेपालको आ.व. २०७८/७९ को बजेट वक्तव्यमा सामाजिक सुरक्षा अन्तर्गत वृद्ध भत्ता प्रति महिना ३३ प्रतिशतले वृद्धि गरिएपछि सोबापतको रकम प्रति महिना चार हजार रूपियाँ पुगेको छ । लगत्तै सामाजिक सञ्जालमा एउटा व्यङ्ग्यात्मक टिप्पणी थियोः नेपालका धनाढ्य उद्योगपति विनोद चौधरीका बुबाको समेत वृद्ध भत्तामा एक हजार थप भयो । वास्तवमा राज्यको नीतिगत विषयमा गरिएको यो टिप्पणी व्यङ्ग्य मात्र नभई आंशिक यथार्थ पनि हो हाम्रो, उही तरमारा वर्गप्रति जसरी अदालतले लक्षित गर्दै फैसलामार्फत सरकारलाई निर्देशित गऱ्यो । सिद्धान्ततः राज्य उसको लागि हुनुपर्दछ, जसका लागि राज्यको उपस्थिति जरूरी हुन्छ, सामाजिक सुरक्षा, सकारात्मक विभेद वा विशेष संरक्षणको दरकार पनि तिनैका लागि आवश्यक पर्दछ ।लोककल्याणकारी राज्य व्यवस्थाले सामाजिक सुरक्षाका विभिन्न माध्यम वा उपकरणको प्रयोग गर्दै राज्यको पिँधमा रहेको व्यक्ति वा वर्गलाई विशेष व्यवस्थाको आधारमा संरक्षित गरिनु पर्दछ । यसमा कसैको विमति हुने कुरै रहेन, यसको सार भनेकै राज्यको तर्फबाट कसैले पाउने विशेष सुविधा वा सहुलियत कुनै जाति, लिङ्ग, क्षेत्र वा वर्गको नाममा सधैँ पाउनु हुँदैन भन्ने बुझिन्छ तापनि सामाजिक आर्थिक अवस्थाको आधारमा प्रदान गर्नुपर्ने समन्यायिक अवधारणा हो । अदालतको फैसलामा बोलिएको सार कुरा पनि व्यक्ति वा वर्गको आवश्यक्ताका आधारमा राज्यबाट विशेष सेवा सुविधा प्राप्त गरिनुपर्छ भन्नेमा द्विविधा छैन । तर व्यक्ति वा वर्ग पहिचान गरेर यसलाई कार्यान्वयन गर्नु चाहिँ यक्ष सवाल हो । यहाँ उठान गर्न खोजिएको सन्दर्भ चाहिँ एक जना दलित समुदायका विद्यार्थीले एम डी.(मेडिसिनमा स्नातकोत्तर) तहमा आरक्षण सुविधाको निम्ति अदालतसमक्ष कानुनी उपचारको माग गर्न पुगे । जसको सर्वोच्च अदालत फैसलामा उल्लेख भएअनुसार आरक्षण आवश्यकताको आधारमा हुने, तरमारा वर्गका लागि नहुने भन्ने विषय यतिखेर आम चर्चा परिचर्चाको विषय बनेको छ । अदालतले निर्माण गरेको यो तरमारा वर्गको भाष्यसँगै नेपाली समाजमा आरक्षणको विषयमा विभिन्न कोण प्रतिकोणबाट बहस, पैरवी र विमर्श भइरहेको छ । तर हाम्रो सन्दर्भमा कुनै पनि विषयमा मौसमी बहस हुने तर त्यसको निकास चाहिँ नहुने, विस्तारै बहस सेलाएर जाने र कार्यान्वयनमा चाहिँ उही नरूचाएकै प्रावधान लागू भइरहने पुरातन सोच, संस्कार र व्यवहार ज्युँका त्युँ छ । अहिलेको तरमारा वर्गको अदालती भाष्यमा उछालिएका जति पनि पक्ष र विपक्षका वैचारिक र व्यावहारिक पाटा पक्षहरू छन् । त्यसलाई कसले, कसरी र कहिलेसम्म टुङ्गोमा पुऱ्याइने हो, त्यो चाहिँ चुरो कुरो हो ।

> “ हाम्रो राज्य संयन्त्रमा समानुपातिक समावेशीको सिद्धान्तअनुसार आरक्षण पद्धति लागु भएको १८ वर्षको अवधिमा राज्य संरचनाको अनुहार बहुरूपी देखिन थालेको छ । मधेसी समुदायका प्रथम राष्ट्रपतिदेखि प्रथम महिला राष्ट्रपतिका साथै महिला सभामुखसम्म प्राप्ति वा सफलता हुनु चानचुने कुरा होइन, किनभने सदियौँदेखिको केन्द्रीकृत एकल लिङ्गीय, एकल जातीय र एकल भाषिक हेजेमोनी कायम रहेको थियो राज्य संरचनामा । ”

### विषय विश्लेषण

प्रजातन्त्रको पुर्नस्थापना २०४६ पछि राजतन्त्रात्मक संसदीय प्रजातान्त्रिक शासकीय व्यवस्थाबाट पनि नेपाली जनताको आकाङ्क्षा र अपेक्षालाई न्यूनतम रूपमा पनि समेट्न सकेको पाइन्न, दलीय सत्ता स्वार्थका कारण नेपालको शासकीय व्यवस्थामाथिकै विश्वासको धरालत स्खलन हुँदै गएको छ । वि.सं. २०५२ साल यता देशमा सुरू भएको सशस्त्र राजनीतिक आन्दोलनपछि त भुइँ तहका जनतामा व्याप्त गरिबी, अभाव, पीडामाथि पीडा मात्र थपिएन देश अशान्ति, अन्योल र हिंसाको गर्तमा रूमलिन पुग्यो । तर २०६२/६३ को जनआन्दोलनको सफलता, नेपालको अन्तरिम संविधान, २०६३ सँगै राज्यको शासन लव्यवस्थामा आमूल परिवर्तन भई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको समेत स्थापना भयो । फलतः संविधान सभाको पहिलो निर्वाचनदेखि नै समानुपातिक समावेशी पद्धति अवलम्बन गरिन पुग्यो । निजामती सेवा ऐन, २०६४ जारी भएपछि पहिलो

*- बाँकी पृष्ठ ६ मा*

# सानो पूर्वाधारः ठूलो लगानी

*आर्थिक रुपमा विमानस्थल चल्न नसक्ने भएपछि गौतमबुद्ध विमानस्थलले कोरोना महामारि यता नियमीत किस्ता तिर्न सकेको छैन । जजिरा एअर र हिमालयन एअरले केहि महिना रोकर पुनः उडान तालिका सार्वजनिक गरेका छन् तर विमान चढ्ने यात्रु काठमाडौबाट लिएर जानुपर्ने अवस्था छ*



**– कृष्ण तिमल्सिना**

एशियाली विकास बैंकको ३७ मिलियन डलर ऋणमा बनेको गौतम बुद्ध विमानस्थल भैरहवा केही महिना यता संचालनमा छ । पोखरा विभानस्थल चीनको ऋणमा बनेर हालैमात्र संचालमा आएको विभानस्थल हो। लगानीका हिसावले दुबै विमानस्थल आकर्षक देखिएका छैनन् । विभानस्थलको लगानीले नेपाललाई ॠुणमा डुबाउने त होइन ? संयय उठेका छन् ।

ओपेक फण्डको ११ मिलियन डलर ऋण पनि भैरहवाको गौतम बुद्ध विमानस्थल मै डुवेको छ। क्यान अहिले एडिवी र ओपेक फण्डको उक्त ऋणको १ दशमलव ५ प्रतिशत व्याज तिर्न  हारगुहार माग्न थालेको छ। तर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पछिको दोस्रो ठूलो एअरपोर्ट सञ्चालनका लागि भारतले हवाई रुट उपलव्ध गराएको छैन। भुत बंगला जस्तै भैरहवा विमानस्थलमा अहिले जजिरा एअर बाहेकले न उडान न अवतरण केहिमा पनि चासो दिएका छैनन्। अरवौंको ऋण लगानी अलपत्र बनेको छ। आर्थिक रुपमा विमानस्थल चल्न नसक्ने भएपछि गौतमबुद्ध विमानस्थलले कोरोना महामारि यता नियमीत किस्ता तिर्न सकेको छैन। जजिरा एअर र हिमालयन एअरले केहि महिना रोकर पुनः उडान तालिका सार्वजनिक गरेका छन् तर विमान चढ्ने यात्रु काठमाडौबाट लिएर जानुपर्ने अवस्था छ।

त्यसोतः लगभग एउटै समयमा निर्माण सम्पन्न भएको पोखरा भन्दा भैरहवामा पुर्वाधार निकै ठूलो छ। तर लगानीको आकार सानो छ। उता चीनले लगानी गरेको पोखराको लगानी निकै ठूलो छ तर पुर्वाधार निकै कम छ। पोखरा विमानस्थलको रन वे २५ सय मिटर मात्र छ जवकी, आधा कम लगानीमा बनेको भैरहवा विमानस्थलको रन वे  ३ हजार मिटर लामो छ। भैरहवा, ३३ सय ५० मिटर लामो काठमाडौ विमानस्थल पछिको ठूलो विमानस्थल हो। लगानी मात्र ठूलो देखिएको पोखरामा एअर वस ३३० अथवा वोईङ ३३० समेत अवतरण हुन सक्दैन। लामो दुरीको उडान भर्ने संभावना प्राविधिक रुपमा छैन। यस्तो न भुत न भविश्यको विमानस्थलमा चाईनाले यत्रो लगानी किन गर्यो त ? जवाफ दिन कोहि तयार छैन।

### एडीबी किन डरायो ?

सन् १९७१ मा जर्मन कम्पनीले गरेको फिजिविलिटी अध्ययन र १९८८ मा जाईकाले गरेको फिजिविलिटी हेरेर एशियाली विकास बैंकले लगानी गर्न डरायो। तर फिजिविलिटीले असंभव देखाएको जोखीमयुक्त पूर्वाधारमा चिनियाँ बैंकले आँखा चिम्लिएर लगानी गर्यो। किनकी, यो चिनियाँ ऋण लगानी रणनीति थियो। जसले श्रीलंका, पाकिस्तान, माल्दिभ्स जस्ता मुलुकमा भएको यस्तै लगानीलाई संझाई दिएको छ । सन् २०१० मा चीनले यसैगरी असम्भव रहेको भनिएको हाम्वन-टोटा बन्दरगहमा १ दशमलव ५ मिलियन डलर लगानी गरेको थियो। तर बन्दरगाह चल्दै चलेन र श्रीलंका सरकारले ऋणको सावाँ व्याज तिर्न नसकेर उक्त बन्दरगाह नै चीनलाई ९९ सय वर्षका लागि बुझायो। श्रीलंकाको मट्टा राजपक्ष विमानस्थल, पाकिस्तानको ग्वाद्रा बन्दरगाह, मोन्टेन्याग्रोको विशाल हाई वे, माल्दिभ्सको चाईना फ्रेन्डसीप ब्रिज, केन्याको नौरवी मोम्वाष्ट पोर्ट रेल वे सबै लोन लिष्ट प्रोजेक्ट बने। जहाँ चीनले घाटामा जाने पूर्वाधार भन्ने जान्दा जान्दै अरवौं ऋण लगानी गरेको छ र धेरै पूर्वाधार अन्त्यमा आफैंले सञ्चालन गर्ने भन्दै कव्जा गरेको छ। जसको ऋणको व्याज २ देखि ४ प्रतिशतसम्म रहेका छन् अनि आर्थिक गतिविधि कमजोर रहेका मुलुकले चीनसँगै ऋण मागेर उसको व्याज तिर्ने गर्छन्। संभवतः पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल नेपालको हकमा त्यस्तै लोन ट्र्याप प्रोजेक्ट बन्न सक्छ। किनकी, पोखरा विमानस्थल निर्माणमा भएको ऋण लगानीबाट मुक्त हुन सजिलो छैन। ऋण तिर्न असाध्यै मुश्किल पर्नेछ। जहाँबाट अहिले आन्तरिक उडानमात्र  भईरहेका छन्। तर विमानस्थल २४ सै घण्टा तयारी अवस्थामा राख्नुपर्ने अवस्था छ। अरु त अरु, तिव्वतीयन एअरको लगानी हिस्सा रहेको हिमालयन एअरले समेत पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्न चासो देखाएको छैन। पोखरा मुख्य रुपमा भारतीय पर्यटकको हव मानिन्छ। हजारौं भारतीय पर्यटक पोखरा हुँदै मुक्तिनाथ जाने गरेका छन्। तर चिनियाँ ऋण तथा चिनियाँ लगानी कै कारण भारतीय विमान कम्पनीले उडान अवतरणका लागि चासो दिएका छैनन्। भारतीय असहयोगले गर्दा बुद्ध एअरले समेत दिल्ली, देहरादुन र बनारसको उडान तालिका नियमीत गर्न पाएको छैन। बरु उल्टै पोखराको पर्याय बनेको प्याराग्लाईडिङ व्यवसाय संकटमा परेको छ। तत्काल आर्थिक रुपमा स्थिर हुने विकल्प सोचीएन भन, हवाई रुट अर्थात एअर स्पेशको विषयमा देखिएको समस्या हटेन भने पोखरा विमानस्थल ऋणको पासो बन्ने छ।

(सय वर्षमा तिर्न नसकिने ऋणको जालो : पोखरा एयरपोर्ट, शीर्षक लेखको सम्पादीत अंश, श्रोत : आइएनएस समाचार संस्था)

# बजेट घाटा डेढ खर्ब नाघ्यो

## पुँजीगत खर्च २२ प्रतिशत मात्रै

काठमाडौँ, १ चैत
चालु आर्थिक वर्ष २०७९/८० को आठ महिनामा सरकारको बजेट घाटा रू एक खर्ब ५६ अर्ब ४४ करोड नाघेको छ । फागुन मसान्तसम्म सरकारले रू सात खर्ब ७९ अर्ब २३ करोड बराबर बजेट खर्च गर्दा राजस्व सङ्कलन भने रू छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै छ ।




महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको चालु आवको फागुन मसान्तसम्मको राजस्व सङ्कलन र बजेट खर्च विवरणअनुसार सरकारको आम्दानीभन्दा खर्च बढी देखिन्छ । यो अवधिमा सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ४२ दशमलव ७ प्रतिशत छ भने बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत छ।चालु आर्थिक वर्षका लागि सरकारले रू १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो । तर, लक्ष्यअनुसार राजस्व नउठेको भन्दै अर्धवार्षिक समीक्षामार्फत् बजेटको आकार १४ प्रतिशत अर्थात् रू दुई खर्ब ४४ अर्बले घटाएर रू १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ ।

सुरुआती विनियोजित बजेटको तुलनामा आठ महिनाको बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत मात्रै छ । अर्थात् फागुन मसान्तसम्म सरकारले कूल रू सात खर्ब ७९ अर्ब २३ करोड बजेट खर्च गरेको छ ।

यस अवधिमा सरकारको चालु खर्च ५१ दशमलव ४६, पुँजीगत खर्च २२ दशमलव १५ र वित्तीय व्यवस्थातर्फको खर्च ३७ दशमलव ४१ प्रतिशत छ । चालुगत शीर्षकमा रू ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बराबर वार्षिक विनियोजन रहेकोमा हालसम्म रू छ खर्ब आठ अर्ब ८४ करोड ४५ लाख बराबर छ । त्यस्तै, पुँजीगत शीर्षकमा रू तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख वार्षिक विनियोजन रहेकोमा २२ दशमलव १५ प्रतिशत अर्थात् रू ८४ अर्ब २५ करोड ६० लाख बराबर मात्रै खर्च भएको छ । वित्तीय व्यवस्थापनतर्फ रू दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख वार्षिक बजेट छुट्याइएकोमा फागुन मसान्तसम्म रू ८६ अर्ब १२ करोड ९६ लाख खर्च भएको छ । महालेखा नियन्त्रकको तथ्याङ्क हेर्दा आठ महिना अवधिमा पुँजीगत खर्चभन्दा वित्तीय व्यवस्थातर्फको खर्च बढी छ । फागुन मसान्तसम्ममा सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ४२ दशमलव सात प्रतिशत बराबर मात्रै छ । चालु आर्थिक वर्षका लागि सरकारले रू १४ खर्ब ५८ अर्ब ६० करोड ५३ लाख राजस्व उठाउने लक्ष्य राखेकोमा हालसम्म रू छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै असुली भएको छ ।

जसमध्ये आन्तरिक राजस्व सङ्कलन ४१ दशमलव ५३ प्रतिशत अर्थात् रू पाँच खर्ब ८२ अर्ब ७७ लाख १५ हजार रहेको छ । यसवर्ष रू ५५ अर्ब ४५ करोड ८३ लाख वैदेशिक सहायता लिने सरकारको लक्ष्य रहेकोमा हालसम्म आठ दशमलव ६६ प्रतिशत अर्थात् रू चार अर्ब ८० करोड २० लाख बराबर मात्रै वैदेशिक सहायता भित्रिएको छ ।रासस

# लक्ष्यअनुसार उठेन आन्तरिक राजस्व

काठमाडौँ, १ चैत
चालु आर्थिक वर्ष २०७९/८० को आठ महिनामा आन्तरिक राजस्व सङ्कलन लक्ष्यभन्दा न्यून देखिएको छ । आन्तरिक राजस्व विभागका अनुसार फागुन मसान्तसम्ममा लक्ष्यको करिब ८० प्रतिशत प्रतिशत मात्रै आन्तरिक राजस्व उठेको हो ।




दोस्रो चौमासिकसम्ममा विभागले रू तीन खर्ब ५३ अर्ब ९१ करोड ४७ लाख बराबर आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको थियो । तर यो अवधिको लक्ष्यको तुलनामा ७९ दशमलव ७८ प्रतिशत अर्थात् रू दुई खर्ब ८१ अर्ब ९९ करोड ३० लाख मात्रै उठेको हो ।

गत आवको फागुनसम्मको तुलनामा चालु आवको सोही अवधिको तुलनामा राजस्व असुली एक प्रतिशत बिन्दुले कम हो । विभागले गत आवको आठ महिनामा रू दुई खर्ब ८५ अर्ब १२ करोड दुई लाख बराबर राजस्व उठाएको थियो ।

हालसम्म उठेको आन्तरिक राजस्वको अवस्था हेर्दा शिक्षा कर बाहेक सबै क्षेत्रमा न्यून असुली भएको छ । फागुन मसान्तसम्म रू एक खर्ब ५८ अर्ब २५ करोड चार लाख बराबर आयकर उठाउने लक्ष्य राखेको विभागले रू एक खर्ब १७ अर्ब सात करोड १९ लाख मात्रै असुली गरेको छ । यो अवधिको आयकर लक्ष्यको ७३ दशमलव ९८ प्रतिशत अर्थात् लक्ष्यको तुलनामा आयकर सङ्कलन करिब १६ प्रतिशत बिन्दुले कम हो ।

मूल्य अभिवृद्धि कर (भ्याट) सङ्कलन पनि लक्ष्यभन्दा निकै न्यून छ । फागुन मसान्तसम्ममा रू ८२ अर्ब ४३ करोड ३८ लाख भ्याट उठाउने लक्ष्य राखिएकोमा रू ६८ अर्ब ७७ करोड ३८ लाख मात्रै सङ्कलन भएको छ ।

जुन असुली लक्ष्यको ८३ दशमलव ३२ प्रतिशत बराबर हो। त्यस्तै, गत वर्षको यही अवधिको तुलनामा आयकर सङ्कलन तीन प्रतिशत बिन्दुले न्यून हो । गतवर्ष फागुन मसान्तसम्ममा विभागले रू ७० अर्ब ७५ करोड ८४ लाख बराबर भ्याट उठाएको थियो ।

अन्तःशूल्क गत वर्षको तुलनामा केही बढेको देखिए पनि यसवर्षको लक्ष्यअनुसार भने उठेको देखिँदैन । विभागका अनुसार फागुन मसान्तसम्म रू ७६ अर्ब ८२ करोड ४० लाख अन्तःशुल्क लक्ष्य लिइएकोमा ८४ दशमलव ३६ प्रतिशत अर्थात् रू ६४ अर्ब ८१ करोड ६ लाख सङ्कलन भएको छ ।

गतवर्ष फागुनसम्मको तुलनामा यसवर्षको सोही अवधिमा अन्तःशुल्क चार प्रतिशत बिन्दुले बढेको छ ।दोस्रो चौमासिक अवधिमा घरबहाल कर ७८ दशमलव ८१ प्रतिशत सङ्कलन भएको छ। फागुन मसान्तसम्मका लागि रू दुई अर्ब १४ करोड ८८ लाख बराबर घरबहाल कर उठाउने लक्ष्य राखिएकोमा रू एक अर्ब ६९ करोड ३५ लाख बराबर मात्रै उठेको हो । गतवर्षको यही अवधिको तुलनामा घरबहाल कर १० प्रतिशत बिन्दुले घटेको छ । गतवर्ष रू एक अर्ब ८७ करोड २७ लाख बराबर उठेको थियो । त्यस्तै, स्वास्थ्य सेवा कर असुली लक्ष्यको ९७ दशमलव ११ प्रतिशत मात्रै देखिन्छ ।

विभागले फागुन मसान्तसम्ममा रू चार अर्ब ८५ करोड स्वास्थ्य कर उठाउने लक्ष्य राखेकोमा रू चार अर्ब ७१ करोड बराबर मात्रै सङ्कलन भएको देखिएको हो । यही अवधिमा शिक्षा कर भने लक्ष्यभन्दा बढी उठेको छ । आठ महिना अवधिमा रू एक अर्ब ४२ लाख शिक्षा कर उठाउने लक्ष्य राखिएकोमा रू एक अर्ब ६ करोड ४० लाख बराबर उठेको हो ।
रासस

# दोहोरो अंकले घट्यो नेप्से

काठमाडौँ, १ चैत
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधवार १४ दशमलव ४४ अङ्कले घटेर एक हजार नौ सय ३८ दशमलव ६२ अङ्कमा कायम भएको हो । बुधवारको कारोबारमा कूल दुई सय ५३ वटा कम्पनीका विभिन्न ३७ लाख १६ हजार छ सय ८४ कित्ता शेयर रू एक अर्ब २० करोड २१ लाख ४१ हजारमा कारोबार भएका छन् ।



बुधवारको कारोबारमा व्यापार समूह १० दशमलव ५७ अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ६९ दशमलव ४६ र लघुवित्त समूहको उपसूचक ६८ दशमलव ३५ अङ्कले घटेको छ ।

साथै बैंकिङ समूह नौ दशमलव ९४, विकास बैंक समूह २७ दशमलव २४, वित्त समूह १४ दशमलव १६, होटल तथा पर्यटन सात दशमलव ३९ र जलविद्युत् समूह नौ दशमलव ६९ अङ्कले घटेको छ । त्यसैगरी, लगानी समूह शून्य दशमलव ४३, उत्पादन तथा प्रशोधन समूह ३२ दशमलव ४२, म्युचुअल फन्ड शून्य दशमलव ०३, निर्जीवन बीमा समूह १७ दशमलव ०६ र अन्य समूह चार दशमलव १२ अङ्कले घटेका छन् ।

बुधवार युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शुभम् पावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा बुधवार सबैभन्दा धेरै पाँच दशमलव ९० अङ्कको गिरावट देखिएको छ । कारोबार रकमका आधारमा बुधवार एनआइसी एसिया बैंकको सबैभन्दा धेरै रू १० करोड ३५ लाख २२ हजार बराबरको एक लाख ३८ हजार पाँच सय ९३ कित्ता शेयर किनबेच भएको छ ।रासस

# घरबहाल विवरण बुझाउने न्यून

काठमाडौँ, १ चैत
यदि तपाईंले घर, कुनै भवन, जग्गा वा पसल भाडामा लगाउनुभएको छ भने त्यसवापत तपाईंले स्थानीय तहलाई निश्चित कर बुझाउनुपर्छ ।




घरबहालमा बस्नेबाट हुने आम्दानीको निश्चित रकम करका रूपमा स्थानीय तहलाई बुझाउनुपर्छ । यसैलाई व्यवस्थित गर्न र घरबहाललाई कानूनी दायरामा ल्याउनका लागि काठमाडौँ महानगरपालिकाको प्रयास प्रभावकारी हुन सकेको छैन ।काठमाडौँ महानगरपालिकाले गत फागुन २ मा निर्देशिका नै जारी गरी घरबहालमा दिनेलाई करको दायरामा ल्याउन गरेको प्रयास प्रभावकारी नदेखिएको हो । महानगरका अनुसार अहिले तीन/चार दिनमा एक/दुई जना मात्रै विवरण बुझाउन आउने गरेका छन् । महानगरले गत फागुन ३ मा 'घरबहाल व्यवस्था निर्देशिका २०७९' जारी गरेको थियो ।

महानगरका राजस्व विभाग प्रमुख ध्रुव काफ्लेका अनुसार हाल महानगरभित्र चार लाखभन्दा बढी घर भाडामा लगाइएका छन् । यी सबैलाई करको दायरामा ल्याउने महानगरको योजना छ । "गत आर्थिक वर्षमा ३९ हजार करको दायरामा आउनुभएको थियो", उहाँले भन्नुभयो, "चालु आवको फागुनसम्म जम्मा नौ हजार दुई सयले मात्रै विवरण बुझाउनुभएको छ ।" महानगरभित्रका सबैलाई करको दायरामा ल्याउने योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले निर्देशिकासँगै एक महिनाअघि ९० दिनको सार्वजनिक सूचनासमेत जारी भइसकेको छ । महानगरपालिकाले बहाल कर वापत चालु आवमा रू दुई अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको छ । जसमध्ये हालसम्म रू एक अर्ब ४८ करोड १३ लाख असुल भइसकेको राजस्व विभाग प्रमुख काफ्ले जानकारी दिनुभयो ।"घरबहाल विवरण बुझाउनेको संख्या अहिले कम छ तर जेठ र असारमा कर तिर्न आउँदा यो सूंख्या बढ्ने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो ।

**के छ निर्देशिकामा ?**

निर्देशिका अनुसार कुनैपनि घरधनीले घरभाडामा लगाउँदा वा घरखाली गराएकोबारको सूचना सात दिनभित्र वडा कार्यलयमा दिनुपर्छ । लिखित सम्झौताको एकप्रति सम्बन्धित वडा कार्यालय, एकप्रति घरघनी र अर्को एकप्रति भाडामा बस्नेले राख्नुपर्ने निर्देशिकामा व्यवस्था छ ।

सम्झौतामा बहाल रकम, तिर्नुपर्ने मिति, बहाल कायम रहने अवधि र अवधि थपबारे उल्लेख हुनुपर्छ । निर्देशिकामा मासिक तथा वार्षिक बहाल रकम तथा बहाल रकममा वृद्धि हुने भएमा सो समेत उल्लेख हुनुपर्छ । निर्देशिका अनुसार बहालमा बस्नेले पनि प्रत्येक महिनाको ७ गतेभित्र बहाल रकम तिर्नुपर्छ ।

त्यसैगरी बहालमा बस्नेले घर छोड्नुपर्ने अवस्था आएमा ३५ दिनको पूर्वलिखित सूचना घरधनीलाई दिनुपर्ने छ भने त्यसको जानकारी वडा कार्यलयमा गराउनुपर्छ । भाडामा बस्नेले तोकिएको म्यादभित्र बहाल रकम बुझाउन नसकेमा १० प्रतिशत जरिवाना तिरी अर्को महिनाको मसान्तभित्र बुझाउनुपर्ने र तीन महिनाभित्र पनि रकम नतिरे सम्झौता स्वतः भङ्ग भएर घर खालीसमेत गराउन सकिने व्यवस्था निर्देशिकामा छ । कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको भवन वा भवनको तला, कोठा पसल, वर्कसप, ग्यारेज, गोदाम, टहरा, कारखाना, घरजग्गा वा बहालमा दिइने जग्गा वा पोखरी बहालमा दिँदा सम्झौता गर्नुपर्छ ।रासस

# च्याउखेतीबाट वार्षिक १० करोडको कारोबार

सर्लाही, १ चैत
बागमती नगरपालिका-१० का स्थानीय ध्रुव चौलागाईंले च्याउखेती सुरु गरेको १० वर्ष भयो । विभिन्न देशमा गरी एक दशक वैदेशिक रोजगारीमा बिताउनुभएका उहाँ तराईका जिल्लाबाट ठूलो परिमाणमा गोलभँडा र च्याउ काठमाडौँ ढुवानी भइरहेको देखेपछि आफू त्यसतर्फ आकर्षित हुनुभएको हो ।काठमाडौँ उपत्यकामा च्याउ र गोलभँडाको राम्रो मागदेखि पनि तत्कालीन समयमा रू एक लाख लगानीमा उहाँले ध्रुव कृषि फर्म प्रालि दर्ता गरी च्याउखेती सुरु गर्नुभएको हो ।



"जब मैले तराईका जिल्लाबाट ठूलो मात्रामा गोलभँडा र च्याउ काठमाडौँ लैजाँदै गरेको देखेँ तब यो सोच पलाएको थियो", उहाँले भन्नुभयो, "त्यसपछि यो खेतीमा राम्रो सम्भावना छ देखेरै विदेशको जागिर छाडेर यसैमा सक्रिय भएको हुँ ।" रू एक लाख लगानीमा एक सय ५० पोका च्याउबाट सुरु भएको व्यवसायमा हालसम्म रू ११ करोड भइसकेको छ भने १७ जनाले रोजगारी पनि पाएका छन् । उहाँले हाल अहिले एक बिघा जमिनमा ठूला आठ वटा अत्याधुनिक टनेलका बनाउनुभएको छ । फर्ममा उत्पादित च्याउको थोक बिक्रीबाट वार्षिक रू १० करोडसम्म कारोबार गरेको उहाँको भनाइ छ ।

व्यवसायमा आमा, बुबा, श्रीमति र छोराको राम्रो साथ पाउनु भएका उहाँले कोरोना महामारीको समयमा विद्युत् सर्ट भएर फर्ममा आगलागी भइ क्षति हुँदा करिब रू नौ करोड ऋण लागेको बताउनुभयो । कक्षा १२ सम्मको अध्ययन गर्नुभएका चौलागाईं बिहानदेखि रातिसम्म फर्ममा कर्माचारीसँगै खटिनुहुन्छ । "च्याउबाट निरन्तर आम्दानी हुँदैन, मौसम अनुसार उत्पादन भएकालाई बजार पुऱ्याउनुपर्छ", उहाँले भन्नुभयो, "फर्ममा कन्या र गोब्रे च्याउ उत्पादन भइरहेको छ ।"

हाल फर्ममा कन्या, गोब्रे, सिताके, ज्ञानडोर्न र पत्याको लगायतका च्याउका जातको बिउ उत्पादन गर्नुका साथै कम्पोष्ट बनाउने पनि काम भइरहेको जानकारी दिनुभयो । यहाँ उत्पादन हुने च्याउ स्थानीय बजारका साथै मकवानपुर, चितवन र काठमाडौँलगायतका बजारमा पुग्ने गरेको चौलागाईंको भनाइ छ । उहाँले च्याउ हाल प्रतिकिलो रू तीन सय ५० का दरले बिक्री गर्दै आउनुभएको छ। सात जनालाई आवासीय जागिर चौलागाईंले प्राविधिक शिक्षा तथा व्यावासायीक तालिम परिषद् (सिटिइभिटी)बाट तालिम लिनुभएको छ । उहाँले तनहुँका दुई जना र बुटवलका पाँच जना गरी सात जनालाई आवासीय जागिर पनि दिनुभएको छ ।फर्म हेरचाहदेखि च्याउका लागि कच्चापदार्थ तयार गर्ने, बिउ उत्पादन गर्ने लगायतका काम गर्नुपर्छ । यो बाहेक आवश्यकता अनुसार अन्य काम गर्न स्थानीय १० जनालाई पनि फार्ममा राख्नुभएको छ । आफू, श्रीमती, छोरा र आमाबुबाका साथै १७ जना मजदुर गरी २३ जनाले निरन्तर फर्ममा काम गरिरहनुभएको छ । उहाँले आफू यतिबेला उत्पादन वृद्धि गर्दै बजारीकरण बढाउने प्रयासमा हुनुहुन्छ । सुरुमा बागमती नगरपालिकाले रू १० लाख अनुदान दिएको र त्यसपछि कही कतैबाट आफूले सहयोग नपाएको चौलागाईंले सुनाउनुभयो ।रासस

# हुलाकी सडक निर्माणलाई गति दिन प्रमुखको निर्देशन

विराटनगर, १ चैत
विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले विराटनगर-५ स्थित हुलाकी सडक निर्माणलाई गति दिन निर्माण कम्पनीलाई निर्देशन दिनुभएको छ । निर्माण कम्पनीका प्रतिनिधिलाई महानगरमै बोलाएर उहाँले स्थानीयवासीले धेरै सास्ती व्यहोर्नुपरेकाले छिटो निर्माण गर्न निर्देशन दिनुभएको हो ।

विराटनगर-५ स्थित गणेशचोकबाट केशलिया पुलसम्मको तीन दशमलव एक सय ९५ किलोमिटर हुलाकी सडक निर्माणमा देखिएको समस्याका विषयमा निर्माण कम्पनीका प्रतिनिधिसित कोइरालाले छलफल गर्नुभयो । स्थानीय जनताको समस्यालाई बुझेर छिटोभन्दा छिटो सडक निर्माण सम्पन्न गर्न कोइरालाले निर्माण कम्पनीलाई निर्देशन दिनुभएको उहाँका प्रेस सल्लाहकार मीनकुमार नवोदितले जानकारी दिनुभयो ।

विसं २०८० साउनभित्र हुलाकी सडक निर्माण सम्पन्न गर्ने गरी भूमि कन्स्ट्रक्सनले ठेक्का लिएको थियो ।

उक्त कम्पनीले काम नगरेपछि देव एण्ड सायर कन्स्ट्रक्सनलाई निर्माणको जिम्मा दिएको हुलाकी राजमार्ग योजना कार्यालय इटहरीका इञ्जीनियर दीपेन्द्र चौधरीले जानकारी दिनुभयो ।रासस

# डढेलोको असर : वनमा चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल घट्यो

महोत्तरी, १ चैत
वनमा पस्ने बित्तिक्कै सुनिने चराचुरुङ्गीको चिरबिर महोत्तरीमा सुनिन छाडेको छ । रङ्गीविरङ्गी चरा र वन्यजन्तुको चहलपहल हुन छाड्दा वनको रमाइलो घटेको नजिकका बासिन्दा बताउँछन् । अहिले दिनहुँजसो वनक्षेत्रमा डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल देखिन छाडेको यिनका आनीबानी बुझेका वनक्षेत्र नजिकका सर्वसाधारणको भनाइ छ । बर्दिबास नगरपालिकाको मुख्यकेन्द्र बर्दिबासचोकबाट पाँच सय मिटरमात्र दूरीमा रहेका नेवारडाँडा, कामीडाँडा, पानीखोल्सी र रातमाटा सामुदायिक वनमा सहजै देखिने मयुर फागुन १५ गते यता देखिन छाडेको बर्दिबास-१ र ३ को गौरीडाँडाका बासिन्दा बताउँछन् । "मयुर त जताततै देखिन्थे, यसो खोल्सीतिर पस्ने बित्तिक्कै थरिथरिका चराको चिरबिर सुनिन्थ्यो", बर्दिबास-१ का बासिन्दा विनोद खड्का भन्छन्, "अचेल केही दिनयता यी चरा देखिँदैनन् ।" त्यसैगरी वनमा बाक्लै रहने खरायो, दुम्सी, फ्याउरो र स्याल पनि हराएका खड्का बताउछन् । यी तीनवटै सामुदायिक वन बर्दिबास-१ को मुख्यचोक र ३ को गौरीडाँडा बस्तीमाझमा पर्छन् ।पछिल्लोपटक तीन दिनदेखि नेवारडाँडा-कामीडाँडा वनमा डढेलो लाग्दै आएको छ । त्यसैगरी रातमाटा वनक्षेत्रका कैयौँ ठाउँमा डढेलो बढ्दै गएको छ । आफ्नो बासस्थान वरपर डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तु कतिपय डढेलाको



चपेटामा परी मरेका तथा अरु ज्यान जोगाउन अन्तै गएपछि वन सुनसान भएको बर्दिबास-३ का वडाध्यक्ष विराट विष्ट बताउछन् ।उनी भन्छन , "भर्खरै दुई दिनअघिमात्र नेवारडाँडा-कामीडाँडा वनको सिरानस्थित सुरेश बस्नेतको घरमा डढेलो लाग्यो ।" दिनदिनैको डढेलोले वनसँगै टाँसिएका बस्तीका बासिन्दा राति निश्चिन्त भएर सुत्न नसकेका विष्टको भनाइ छ । "त्रासैत्रासमा छौँ, कतिखेर डढेलो कहाँ देखिने हो भन्ने मनमा कुरा खेलिरहन्छ", विष्टले भने ।यसैगरी जिल्लाको चुरे पहाडी शृंखला बर्दिबास नगरक्षेत्रमै पर्छ । पूर्वपश्चिम राजमार्ग वारिपारिका सबैजसो वनमा अहिले डढेलोको मुस्लो, डढेलोले जलेको ठुटा र खरानी देखिन्छ । डढेलोले गर्दा वनका चराचुरुङ्गी, जीवजन्तु हराउनुका साथै बहुमूल्य जडीबुटी तथा काठ डढेर खरानी भएको देख्नुपरेको ६० वर्षीया कर्णमाया गुर्मछाने बताउछन ।पूर्वमा रातुपुलबाट पश्चिममा बाँके पुलसम्म पूर्वपश्चिम राजमार्गको १८ किलोमिटर दूरी महोत्तरीमा पर्छ । यो दूरीभित्रको भब्सीपुलबाट बाँकेसम्मको करिब १५ किमी दूरीभित्र दायाँबायाँ वनक्षेत्र छ ।

अहिले दिनहुँ वनक्षेत्रमा जताततै डढेलोले वनसम्पदा सखाप पार्दैछ । यसपालि हिउँदे वर्षा नहुँदा वनक्षेत्रमा सुकेर झरेको पतिङ्गरमा आगो चाँडै फैलँदा छिनभरमै जताततै काला ठुटा र खरानी देखिन्छ। यता वनसम्बद्ध कर्मचारी भने आवश्यक संख्याका सुरक्षा जनशक्ति नहुँदा सघन गस्ती हुन नसकेको बताउँछन् । "हामीसँग भएको जनशक्ति हिँडेको हिड्यै छ, एकातिर गयो, अर्कोतिर डढेलो लाग्छ", बाँके सबडिभिजन वन कार्यालयका एक कर्मचारीले भने, "यो वन कर्मचारीबाट मात्रै नियन्त्रण हुनसक्ने कुरा होइन ।" बर्सेनि डढेलोविरुद्ध जनचेतना अभिवृद्धिका कार्यक्रम गरिए पनि यो समस्या भने घटेको छैन । वनक्षेत्र नजिकका पशुपालक किसानका गोठालाले नै डढेलो लगाएपछि वर्षा हुनासाथ नयाँ घाँस पलाउने विश्वासमा डढेलो लाउने गरेका वनसम्बद्ध कर्मचारीको निष्कर्ष छ।"कतिपय अवस्थामा रुख-रुखको घर्षणबाट निस्कने आगोले पनि डढेलो सल्कन्छ, तर यस्तो कमै हुन्छ", गणन्ता सबडिभिजन वन कार्यालयका प्रमुख सहायक वन अधिकृत रामसुन्दर साह भन्छन

"हामीकहाँ भने असावधानीसाथ मिल्काइएका बिँडीचुरोटका ठुटा र घाँस पलाउने आशमा गोठालाले सल्काउने आगोले नै डढेलो लाग्ने गरेको छ ।" वनसम्बद्ध कर्मचारी सबै ठाउँमा पुग्न नसक्ने हुँदा यसमा आम सर्वसाधारणको चासो आवश्यक रहेको साह बताउनुहुन्छ। वनक्षेत्र नजिकका बस्ती-बस्तीमा डढेलोविरुद्धको जिम्मेवारीसहितको सामुदायिक सहभागिता बढाउन सके यो समस्या घटाउन सकिने वनविज्ञ बताउँछन् । वन वरपरका सबै बस्तीमा स्थानीय जनप्रतिनिधि, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि र सर्वसाधारणलाई आवश्यक तालिम दिएर सङ्गठित सामाजिक जिम्मेवारी दिए यसमा सुधार आउनसक्ने चुरे तथा वनबारे काम गर्दै आएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादवको सुझाव छ । जिल्लामा राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन र सागरनाथ वन विकास परियोजनासमेत २४ हजार हेक्टरभन्दा बढी वनक्षेत्र रहेको तथ्याङ्क छ । अतिक्रमण र डढेलोको चपेटाले दिनदिनै सघन वनक्षेत्र पातलिँदै गएको वनसम्बद्ध कर्मचारी नै स्वीकार गर्छन् ।रासस

# सडक निर्माण सुरु भएपछि स्थानीयवासी खुसी

गोलबजार, १ चैत
सिरहाको लहान नगरपालिका-९ बसहाजोरीदेखि बेतहासम्म सडक निर्माण सुरु भएपछि स्थानीयवासी खुसी भएका छन् । यस उत्तरी दुर्गम भेगमा मधेस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको रु चार करोड ८० लाख ८५ हजारको लागतमा उक्त सडक निर्माण भइरहेको छ । एक निर्वाचन क्षेत्र एक पिच सडक कार्यक्रमअन्तर्गत प्रदेशसभा निर्वाचन क्षेत्र नं १ (१) मा निर्माण हुन लागेको उक्त सडक यसै आर्थिक वर्षमा सक्ने गरी काम भइरहेको भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर रामदेव खड्काले बताए । अहिले यहाँ साढे तीन किलोमिटर लामो र ३० फिट चौडाइको सडक निर्माण भइरहेको छ। तीन हजार चार सय मिटर सडकमध्ये नौ सय मिटर आरसिसी ढलान र दुई हजार छ सय मिटर अस्फालट कङ्क्रिटसहितको सडक बनाउन माटो सम्याउने कार्य भइसकेको र छवटा स्ल्याबसहित कल्भर्टको कार्य अन्तिम चरणमा रहेको उक्त कार्यालयका इन्जिनियर रुद्रनारायण पण्डितले बताउनुभयो । सो सडकको ठेक्का चितवनको ओएसिस इन्जिनियर एन्ड बिल्डर्सले पाएको छ।
हिउँदमा धुलाम्मे र बर्सातमा हिलाम्मे रहने उक्त सडकखण्ड निर्माण भइरहेको देखेर स्थानीयवासी खुसी भएका छन् । बाटोको अभावमा दुर्गम क्षेत्रका रुपमा परिचित यो क्षेत्रमा अब सडक निर्माणले सुगममा परिणत हुने लहान नगरपालिका-९ का वडाअध्यक्ष धुव्र चौधरीले बताए । सडकको अभावमा आपत बिपतको बेलामा समयमै बारुद्धयन्त्र वा एम्बुलेन्स बोलाउन सपना जस्तै भएको थियो तर अहिले सडक निर्माण भएपछि सहज भएको स्थानीयवासी श्याम सदायले बताउनुभयो ।सडक निर्माण भएपछि सार्वजनिक सवारी साधनका रुपमा तीन पाङ्रे टेम्पु आउन थालेको स्थानीयवासी रीता चौधरीले उल्लेख गरे।
लहान नगरपालिका-१५ मा अवस्थित धार्मिकस्थल पञ्चावती राजदेवी मन्दिर तथा सोही वडामा रहेका हात्तीदह र दह सिमसार पर्यटकीय क्षेत्र जाने मुख्य बाटो समेत भएकाले यहाँ आन्तरिक पर्यटक बढ्नसक्ने अपेक्षा गरिएको छ ।रासस

# छुवाछुत घटनामा आयोगले सोधपुछ गर्दै

मधेशदृष्टि
सिराहा, १ चैत। दलित समुदायलाई छुवाछुत गरिएको सिराहाको भगवानपुर गाउँपालिकाको घटनामा स्थलगत छानबिन गर्न आएको राष्ट्रिय मानव अधिकार आयोगको टोलीले अनुसन्धान सुरु गरेको छ।
गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवको आमाको शुद्धि भोजमा छुवाछुत भएको घटना सार्वजनिक भए पछि अनुसन्धान गर्न आएको टोलीले अनुसन्धान सुरु गरेको हो। मधेस प्रदेशको राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयकी अधिकृत मञ्जु खतिवडाको नेतृत्वमा स्थलगत छानबिन गर्न टोली सिराहा आएको छ।
आयोगको टोलीले पहिलो चरणमा सिराहाका प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडा र जिल्लाका प्रहरी प्रमुख टेकुनन्द इवा लिम्बुसँग सोधपुछ गर्नेछ भने दोस्रो चरणमा भोज स्थलमा गएर पीडित दलितहरूसँग सोधपुछ गरी घटनाबारे सत्य तथ्य सङ्कलन गर्नेछ।
खतिवडाका अनुसार जिल्लामा रहेका दलित तथा मानव



अधिकारकर्मी र अन्य देखि जान्ने व्यक्तिहरूसँग पनि सत्य तथ्य बुझ्ने कार्य हुनेछ भने भोजमा पोस्टर झुन्ड्याएर र माइकिङ गरेको जान्दाजान्दै भोज खाने जनप्रतिनिधि र प्रशासन प्रमुखहरूसँग समेत सोधपुछ गरिनेछ।
मानव अधिकार हैनन् गर्नेहरूको नाम तोक्ने, कसुरको मात्रा निर्क्योल गर्ने, लज्जित गर्ने र दण्डनीय कारबाहीको गरिने अधिकृत खतिवडाले बताइन।

## ठाकुरराम क्याम्पस ..............

सम्पन्न क्याम्पस प्रमुख र राजनीतिक दलका नेताहरु सहित बसेको बैठकले विवादका कारण चैत ८ मा निर्वाचन गर्न सम्भव नभएकाले स्थगित गरि जेठ १३ गते गर्ने सहमति गरेको हो।
निर्वाचन स्थगित भएपछि आक्रोशीत विधार्थी नेताहरुले बुधबार दिउँसो क्याम्पसमै पत्रकार सम्मेलन गरेर क्याम्पस प्रमुख चौरसियालाई भौतिक कारबाही गर्ने सार्वजनिक धम्की दिएका छन । पत्रकार सम्मेलनमा स्वतन्त्र समुहका नेता सुधिर पटेलले क्याम्पस प्रमुख चौरसियाले आफू निकटका विधार्थी समुह चुनावमा हार्ने डरले चुनाव स्थगित गराएको आरोप लगाए। पटेलले चैत १० गते भित्र चुनाव भएन भने क्याम्पस प्रमुखले कि त राजिनामा दिनु पर्छ नत्र भौतिक कारबाही गर्ने चेतावनी दिए।

## प्रदेशको शैक्षिक ..................

वर्ग आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिकजस्ता वहुआयामिक वहिस्करणमा परिरहेको देखिन्छ।
मधेश प्रदेशको प्रदेश नीति तथा योजना आयोगले २०७६ सालमा प्रकाशित गरेको प्रदेश २ को जनसांख्यिक स्थिति नामक अध्ययन प्रतिवेदनका अनुसार समग्र नेपालमा ६६ प्रतिशत जनसङ्ख्या साक्षर हुँदा मधेश प्रदेशको साक्षरता दर ४९.५ प्रतिशत मात्रै रहेको छ। ती मध्ये ६० प्रतिशत पुरुष र ३९ प्रतिशत महिला साक्षर रहेका छन् । यस प्रदेशमा पुरुष-महिला बीचको साक्षरता दरमा २२ प्रतिशत फरक छ । यो प्रतिशत समग्र नेपालको पुरुष-महिला बीचको साक्षरतादरको भिन्नता भन्दा बढी हो । यसरी हेर्दा साक्षरता दरमा लैङ्गिक भिन्नता नेपालको तुलनामा यस प्रदेशमा बढी रहेको छ। जुन लैङ्गिक दृष्टिले अझ बढी संवेदनशील विषय मान्न सकिन्छ। यस्तै रौटहतमा सबैभन्दा कम साक्षरता दर पाइएको छ। प्रतिवेदनका अनुसार रौतहट जिल्लाको साक्षरता दर ४२ प्रतिशत मात्रै छ। यस्तै सप्तरी तथा पर्सा जिल्लामा पुरुष करिब ६७ प्रतिशत साक्षर रहेका छन् र सबै भन्दा बढी महिला साक्षर रहेको जिल्ला समेत पर्सा नै रहेको छ। यस प्रदेशका सम्पूर्ण जिल्लाहरुमा पुरुष-महिला बीच कम्तिमा पनि १८ प्रतिशत बिन्दुले साक्षरता दरमा फरक रहेको पाइन्छ। यसैगरी सप्तरीमा पुरुष-महिला बीचको साक्षरता दरमा २४ प्रतिशत अर्थात् सबै भन्दा बढी खाडल रहेको देखिन्छ। यसैगरी जिल्लागत पाँचवर्ष माथिको जनसंख्याको साक्षरता दर सप्तरीमा ४२.६, सिरहामा ३९.२, धनुषामा ४०.२, महोत्तरीमा ३६.५, सर्लाहीमा ३६.६, रौतहटमा ३२.० , बारामा ४०.७ र पर्सामा ४३.९ प्रतिशत रहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

## आरक्षणले राज्य ..................................

पटक निजामती सेवामा ४५ प्रतिशत आरक्षणको कोटागत व्यवस्था गरियो। अझ नेपालको संविधान, २०७२ जारी भएपछि त राज्यको संरचना र शासकीय व्यवस्थामै सङ्घ, प्रदेश र स्थानीय तहबाटै नै जनतामा सेवा प्रभावित हुन थाल्यो । साथसाथै संविधानको धारा ४२ मा नेपालका सामाजिक आर्थिक रूपमा पछिडिएका विभिन्न जाति, वर्ग, समुदाय र क्षेत्रलाई कानुन बनाएर समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका हरेक संरचनामा समावेश गर्ने मौलिक हकको प्रबन्ध गऱ्यो। हाल नेपालको सङ्घीय निजामति ऐन अझै आई नसकेको हुँदा प्रचलित ऐनअनुसार नै ४५ प्रतिशत आरक्षणको व्यवस्था कार्यान्वयन हुँदै आएको छ तर राजनीतिक क्षेत्रमा भने समानुपातिक समावेशिताको प्रावधान भिन्न रहेको छ।
हाम्रो सन्दर्भमा नीतिगत रूपमा विशेष व्यक्ति वा वर्गलाई पहिचान गर्नको लागि न खण्डीकृत र वस्तुगत तथ्याङ्कीय आधार छन् न त मौजुदा नीतिगत प्रावधानहरूबाट विशेष व्यक्ति वा वर्गलाई समेट्न नै सकिएको छ। बरू राजनीतिक लोकप्रियताका लागि नीति निर्माण हुने र कार्यान्वयन सहजतामा आधारित निर्णय हुने गरेको पाइन्छ, नीति निर्माण तहमा। त्यसकै परिणति होला, मुलुकमा सबै छात्राका लागि समान चार सय रूपैयाँ छात्रवृत्ति, सबै विधवाका लागि विधवा वृत्ति, सबै वृद्धवृद्धाका लागि वृद्ध भत्ता, सबैका लागि समान स्वास्थ्योपचार सुविधा सरकारबाट तोकिएका रोगहरूको उपचारका निम्ति। निर्धारित सबै वर्ग, जाति, समुदाय, क्षेत्र र लिङ्गका लागि राज्य संरचनामा प्रवेशको लागि समान आरक्षणको सुविधागत प्रबन्ध समेत गरिएको छ । निजामती सेवा, शिक्षा, प्रहरी, सेना, विद्यार्थी छात्रवृत्ति आदि इत्यादि । तर राष्ट्रपतिदेखि राउटेसम्म र कर्नालीदेखि काठमाडौँसम्मका लागि आरक्षणको आधार समान हुने कि नहुने यो गम्भीर बहसको विषय हो।
हाम्रो राज्य संयन्त्रमा समानुपातिक समावेशीको सिद्धान्तअनुसार आरक्षण पद्धति लागु भएको १८ वर्षको अवधिमा राज्य संरचनाको अनुहार बहुरूपी देखिन थालेको छ । मधेसी समुदायका प्रथम राष्ट्रपतिदेखि प्रथम महिला राष्ट्रपतिका साथै महिला सभामुखसम्म प्राप्ति वा सफलता हुनु चानचुने कुरा होइन, किनभने सदियौँदेखिको केन्द्रीकृत एकल लिङ्गीय, एकल जातीय र एकल भाषिक हेजेमोनी कायम रहेको थियो राज्य संरचनामा। राज्यको सरकारी सेवा क्षेत्रमा ४५ प्रतिशतको कोटा पद्धतिबाट निजामती सेवामा नै महिलाको उपस्थिति २६ प्रतिशत नाघी सकेको छ भने जनजाति, मधेशी, दलित,अपाङ,पछडिएको क्षेत्रको पनि उपस्थितिको दर वर्षेनी वृद्धि भइरहेकै छ। एकथरिको विचार अहिले अपनाएको आरक्षण पद्धति नै पूर्ण ठीक छ र यसमा सुधारको आवश्यकता नै छैन भन्ने रहेको छ भने अर्काथरिको आरक्षण व्यवस्था नै खारेज गरिनुपर्छ भन्ने मनसाय सतहमा देखिएको छ। तर यी दुवैखाले सोचहरू व्यावहारिक सोच भने होइनन्।
हाल नेपालको राजनीतिक, प्रशासनिक र अन्य क्षेत्रमा लागु गरिएको आरक्षणको कोटागत पद्धतिबाट अमूक व्यक्ति, जाति, समूह, वर्ग, क्षेत्रले एक पटक भन्दा बढी फाइदा मात्र लिएको छैन। कतिपय समूहमा विकृत अभ्यास हुन गएको कुरालाई नजरअन्दाज गर्न सकिन्न । जस्तो अपाङग कोटामा निश्चित मापदण्डको परख नगरिँदा कानुनी छिद्रको दुरूपयोग गरी समावेशिताकै धज्जी उडाउने काम नभएको होइन। त्यसैगरी आदिवासी जनजाति समूहमा पनि थर ढाँटी वा छली गैरजनजातीले प्रतिस्पर्धामा भाग लिई उत्तीर्ण गरी सेवा प्रवेश गरिएको दृष्टान्त नभएका होइनन् । त्यसैगरी आरक्षित सुविधाको एकै व्यक्ति, परिवार, जाति, क्षेत्र, लिङ्ग र वर्गको कब्जामा रहेको आंशिक सत्य मान्न नसकिने होइन, किनकि हाम्रो नीतिगत र कानुनी प्रावधान नै त्यस्तै रहेको छ। तर ऐनामा फोहोर लाग्यो भन्दैमा ऐना नै फाल्ने होइन कि ऐनाको फोहोर सफा गर्ने कार्य चाहिँ बुद्धिमानी होला।
के मनन गर्न जरूरी छ भने आरक्षण पद्धति नै गलत नभई केही व्यक्ति वा पात्रको क्रियाकलाप गलत हुन सक्छ। त्यसैले विद्यमान आरक्षण पद्धतिमा रहेको कमीकमजोरीलाई सुधार गरी वस्तुगत, वैज्ञानिक, समन्यायिक बनाउन ढिलो हुँदै गएको कुरा अदालतको फैसलासँगै प्रस्ट भएको छ। हुनत अदालतको फैसलामा तरमारा वर्ग (क्रिमी लेयर) भनिए पनि तरमारा वर्ग चाहिँ कसरी पहिचान गर्ने, अलग्याउने साथै कसरी र कुन मापदण्डको आधारमा लक्षित गरिएको विशेष वर्गलाई सम्बोधन गर्ने भन्ने कुरा चाहिँ प्रस्टसँग आएको छैन।
अदालती फैसलामा नेपालको संविधान, २०७२ मा भएको प्रावधानको मौलिक हकको धारा ४२ मा टेकेर सामाजिक र आर्थिक स्थितिमा आधारित भई व्यक्तिको आवश्यकताको आधारमा आरक्षणको व्यवस्थापन गर्ने आदेश भएको छ । अदालतले नै गहन, अध्ययन विश्लेषण गरी आरक्षणका लागि अपनाउनुपर्ने वस्तुगत आधार र मापदण्डसहितको फैसला गरी समयावधि समेत तोकिदिएको भए यसले छिट्टै निकास प्राप्त गर्थ्यो होला । अब त संसद र सरकारको कोर्टमा बल पुगेको छ, राज्यको संरचना र शासकीय संरचनामा नीति, कानुन बनाएर व्यवस्थापन गर्न । अब तिनै नीति निर्माता वा जनप्रतिनिधिलाई घचघच्याई खबरदारी गर्दै नीतिगत र कानुनी व्यवस्था गरी विषयको अबिलम्ब सम्बोधन गर्नुको विकल्प छैन। अन्यथा पुरानै कथा दोहोरिन्छ, केही दिनको मौसमी बहस वा बुद्धिविलास, अन्ततः प्रावधान उही, कार्यान्वयन उही र शून्य उपलब्धि वा हात लागी शून्यको नियति हुन के बेर ?

### भावी मार्ग

National identity is often built around the principles of ethnicity, race, religion or language principles that necessarily include certain people and exclude others. Francis Fukuyama

फ्रान्सिस फुकुयामा (२०१४) अनुसार राष्ट्रियताको पहिचानको नाममा सीमित जाति, जनजाति, धर्म र भाषाको समावेशीकरण गरिन्छ जब कि अरूहरू बहिष्कृत हुन्छन्। यसले समावेशी बहुल राष्ट्रको निर्माण गर्दैन । तसर्थ समावेशी र समन्यायिक बहुल राष्ट्रियता निर्माणको लागि वर्तमानमा
लोकतान्त्रिक मुलुकहरूमा समावेशीकरणका विभिन्न उपकरणहरूमध्ये आरक्षण पद्धतिलाई अवलम्बन गर्दै आएका छन् । नेपालले पनि करिब डेढ दशक अघि निजामती सेवामा सुरू भएको आरक्षणबाट सकारात्मक प्रभाव देखिन थालेको छ भने केही सुधारात्मक पक्षहरू पनि टड्कारो देखिएका छन्। यसको समाधानका लागि केही विकल्प वा आधारहरू अवलम्बन गर्न सकिन्छ । पहिलोमा, आर्थिक सामाजिक रूपमा विशेष संरक्षण आवश्यक पर्ने व्यक्तिलाई नै एकाइ बनाउन सक्नुपर्छ राजनीति, सरकारी सेवा, शिक्षा, स्वास्थ्य क्षेत्र आदिमा । दोस्रोमा, लक्षित जाति, समुदाय, लिङ्ग, वर्गलाई नै आरक्षणको एकाइ बनाउन सकिन्छ, तर यसको लागि वस्तुगत तथ्याङ्कमा आधारित भई व्यवस्थापन गर्न सक्नु पर्दछ, जस्तो आदिवासी समुदायभित्र नेवार र थकाली वा कुसुन्डा हायुजस्ता जातिका विषयमा सम्बोधन गर्ने कार्यनीति र कार्यविधि एकै प्रकारको हुन सक्दैन।
त्यसैगरी के आवश्यक छ भने, महिलाभित्र पनि खस ब्राम्हाण परिवारका सदस्य र कुसुन्डा, राउटे जातिका महिलाबीचको प्राथिमकताक्रम निर्धारण गरी समानुपातिक रूपमा सम्बोधन गर्ने थिति, विधि र पद्धति। तेस्रोमा, राज्यबाट सेवा सुविधा लिइरहेका, सम्पन्न प्रतिष्ठित र सक्षम व्यक्ति, परिवार र जातिले आरक्षण सुविधा पाउने वा नपाउने विषय स्पष्ट पार्ने मापदण्ड निर्धारण र सोही आधारमा विशेष सेवा वा सुविधा प्रदान गर्ने नीतिगत र कानुनी प्रबन्ध गरिनु अपरिहार्य छ। त्यसका लागि संवैधानिक निकायबाट वस्तुगत, वैज्ञानिक र वैधानिक मापदण्डसहितको आधार तयार गरी सरकारलाई सिफारिस गर्नु पर्दछ। चौथोमा, क्रमशः विशेष व्यक्ति वा समूहलाई निश्चित अवधिसम्म आरक्षण वा विशेष सहुलियत प्रदान गरी अन्ततः राज्यको आरक्षण वा सहुलियत आवश्यक नपर्ने गरी सक्षमता विकास गरिनु पर्दछ।

### निष्कर्ष

अन्तमा, मौजुदा १३ वटा संवैधानिक आयोगका साथै अन्य आयोगहरू पनि नेपालमा रहेका छन् । साथै नीति अनुसन्धान प्रतिष्ठानजस्ता संस्थाहरूबाट यस विषयमा अध्ययनअनुसन्धान गरी एक वर्षभित्र ठोस आधार र मापदण्डसहित सरकारलाई कुन व्यक्ति वा जाति, लिङ्ग, वर्ग, क्षेत्रलाई कसरी समावेशीकरण गर्ने भनी सिफारिस गरेमा सरकारलाई कानुन निर्माणको लागि वस्तुगत आधार प्राप्त हुन्छ। त्यसैको आधारमा अदालतको आदेशबमोजिम बिलम्ब नगरीकन सरकार र संसदबाट आवश्यक नीति र कानुन निर्माण गरी कार्यान्वयन गरेमा यो सवालको टुङ्गो लाग्नेछ । साथै जनताको तर्फबाट सक्षम र सबल व्यक्ति वा वर्गले आरक्षण वा राज्यप्रदत्त सहुलियत नलिने गरी स्वघोषणा गर्ने असल र सभ्य संस्कारको विकास गरिनु पर्दछ भने राज्यबाट पनि आरक्षण वा विशेष सहुलियत कसले पाउने र कसले नपाउने भन्ने विषयमा प्रस्ट नीतिगत र कानुनी प्रबन्ध गरी कार्यान्वयन गर्नु नै अबको मार्ग हुन सक्छ।
(लोप्चन, नेपाल सरकारका उपसचिव हुन्, यो लेख लोकसेवा आयोगको प्रकाशन निजामति सेवा पत्रिका, वर्ष ४२ अंक २ बाट साभार लिइएको हो )

# पनडुब्बी सम्झौताले घातक परिणाम निम्त्याउने चेतावनी

सिड्नी, १ चैत
अष्ट्रेलियाका एक पूर्वप्रधानमन्त्रीले चीनलाई लक्ष्य गरेर भएको आणविक पनडुब्बी सम्झौताले 'घातक परिणाम' निम्त्याउन सक्ने चेतावनी दिएका छन् ।

पूर्वप्रधानमन्त्री पाउल किटिङले सोमबार संयुक्त राज्य अमेरिका, बेलायत र अष्ट्रेलियाबीच भएको सम्झौतालाई 'ठूलो दुस्साहस' एवम् गम्भीर त्रुटी भन्नुभएको छ । सम्झौताका कारण अष्ट्रेलिया द्वन्द्वमा फस्न सक्ने र त्यसले घातक परिणाम निम्त्याउन सक्ने बताउनुभएको छ । सन् १९९१ मा लेबर पार्टीबाट प्रधानमन्त्री बन्नुभएका उहाँले बिना सोचविचार अष्ट्रेलियाले संयुक्त राज्य अमेरिका र बेलायतको अनुशरण गरेको उल्लेख गर्दै चीनबाट कुनै किसिमको सैन्य जोखिम नभएको टिप्पणी गर्नुभएको छ ।

बुधवार एक विज्ञप्ति निकालेर पूर्वप्रधानमन्त्री किटिङले विदेशीको उक्साहटमा गरिएको सम्झौताले जोखिम निम्त्याउने भन्दै 'चीनले सिड्नी र मेलबर्नलाई सैन्य परिचालन गरेर कब्जा गर्न खोज्दा के हुन्छ?' प्रश्न गर्नुभएको छ । अमेरिका र बेलायत अष्ट्रेलियालाई सहयोग गर्न नआउने आशय उहाँले वक्तव्यमा व्यक्त गर्नुभएको छ ।

अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले उक्त सम्झौतालाई देशको अहिलेसम्मकै सबैभन्दा ठूलो सैन्य स्तरवृद्धि भएको बताउनुभएको छ भने अमेरिकी राष्ट्रपति जो बाइडेनले त्यसबाट एशिया-प्रशान्त क्षेत्रको स्वतन्त्रता र खुलापन सुनिश्चित गर्ने बताउनुभएको छ । क्यालिफोर्नियाको सान डिएगोमा गत सोमबार अष्ट्रेलियाका प्रधानमन्त्री अल्बानिज र बेलायतका प्रधानमन्त्री ऋषि सुनकका साथ सम्बोधन



गर्दै राष्ट्रपति बाइडेनले सम्झौताका कारण आणविक अप्रसारमुक्त हुने अष्ट्रेलियाको प्रतिबद्धतामा कुनै प्रभाव नपर्ने बताउनुभएको थियो । एशिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावलाई दृष्टिगत गरी अष्ट्रेलिया, अमेरिका र बेलायतले गत सोमबार परमाणु ऊर्जाबाट सञ्चालन हुने पनडुब्बी सम्झौता गरेका थिए । सोमबार सार्वजनिक गरिएको सम्झौताअनुसार अष्ट्रेलियाले बेलायत र अमेरिकी प्रविधिमा आधारित पाँच वटा परमाणुशक्तियुक्त पनडुब्बी खरिद गर्नेछ । अब अष्ट्रेलियाले कम्तीमा तीन वटा पनडुब्बी अमेरिकाबाट र दुई वटा बेलायतबाट खरिद गर्नेछ । अष्ट्रेलिया, अमेरिका र बेलायतबीच १८ महिनाको लामो वार्ताको परिणामस्वरुप उक्त सम्झौता भएको हो ।चीनले उक्त सम्झौतालाई गम्भीर त्रुटी एवम् जोखिमको बाटोमा हिँड्ने प्रयास भन्दै त्यसको विरोध गरेको छ ।

आफ्नो भूराजनीतिक स्वार्थका लागि अन्तरराष्ट्रिय समुदायको चासोलाई पूर्णतया बेवास्ता गरी अष्ट्रेलिया, अमेरिका र बेलायत अधिक जोखिमको बाटोमा हिँडेका बेइजिङले बताएको छ । सम्झौताले हतियारको होडबाजी बढाएको तथा त्यो परमाणु अप्रसार सन्धि विपरीत भएको चीनको कथन छ ।

बेलायतपछि आणविक शक्तिले सञ्चालन हुने पनडुब्बी प्राप्त गर्ने दोस्रो देश अब अष्ट्रेलिया बन्नेछ । पनडुब्बी प्राप्त भएपछि शत्रुहरूलाई लामो दूरीमा पनि अष्ट्रेलियाले प्रहार गर्न सक्नेछ ।

अष्ट्रेलियाली जलसेनाका नाविक अमेरिका र बेलायतका पनडुब्बी आधारमा तिनको सञ्चालन एवम् प्रयोगबारे प्रशिक्षण लिन जानेछन् । सन् २०२७ मा अष्ट्रेलियाको पर्थमा केही अमेरिकी एवम् बेलायती पनडुब्बी तैनाथ गरिनेछ ।पनडुब्बीको आफ्नै 'फ्लिट' निर्माण गर्न अष्ट्रेलियालाई तीस वर्ष लाग्नेछ । सम्झौतासँग चीनसँगको अष्ट्रेलियाको सम्बन्ध सुमधुर नहुने तथा दुवै देश द्वन्द्वको नयाँ चरणमा प्रवश गर्ने विश्लेषकहरूले बताएका छन् । (रासस/एएफपी)

# पूर्वप्रम खानका समर्थक र प्रहरीबीच झडप, प्रमुख शहरमा प्रदर्शन

लाहोर, १ चैत ।
पूर्वप्रधानमन्त्री इमरान खानलाई पक्राउ गर्न आएका प्रहरी र उहाँका समर्थकबीच यहाँस्थित खान निवास अगाडि झडप भएको छ भने प्रमुख शहरमा प्रदर्शन भएका छन् । पूर्वप्रधानमन्त्री खानले पनि गिरफ्तारी दिन अस्वीकार गर्नुभएको छ ।

गए राति पनि पाकिस्तान तहरीक-ए- इन्साफ (पिटिआई) का कार्यकर्ता र सुरक्षाकर्मीबीच खानको जमान पार्कस्थित घर नजिक झडप भएको थियो । प्रहरी र अर्धसैनिक बलका जवानले अश्रुग्यास प्रहार गरेपछि खानका क्रुद्ध समर्थकहरूले ढुङ्गामुढाले प्रतिकार गरेका थिए । पिटिआईका एकजना कार्यकर्ताका अनुसार पानीको फोहरा र अश्रुग्यास प्रहार गर्दै आएका सुरक्षाकर्मीले गोलीसमेत हान्न थालेका बताएका छन् । गत वर्ष विश्वासको मत प्राप्त नभएपछि पदमुक्त भएका खानमाथि भ्रष्टाचारलगायत विभिन्न मुद्दा लगाइएको छ । उनले आम निर्वाचनको माग गर्दै आएका छन् । सार्वजनिक रूपमा सरकारका कटु आलोचना गर्दै आएका उहाँमाथि प्रधानमन्त्री हुँदा प्राप्त उपहार बेचेको तथा प्राप्त आम्दानी सार्वजनिक नगरेको आरोप लगाइएको छ । सोही विषयमा जानकारी दिन



अदालतले उहाँलाई बोलाएको छ । अदालतको आदेश पालना नगरेकाले उनलाई पक्राउ गर्न आफूहरू आएको एक जना वरिष्ठ प्रहरी अधिकारीले एएफपीलाई बताए । इस्लामावाद प्रहरीका उपमहानिरीक्षक सैयद शहजाद नदीम बुखारीले अदालतको आदेश कार्यान्वयन गर्न नेता खानको घर आएको स्पष्ट गरेका छन् । पञ्जाबका प्रहरी प्रमुख उस्मान अन्वरले अदालतको आदेशलाई जुनसुकै मूल्यमा पनि पालना गर्नुपर्ने बाध्यता रहेको बताए । पिटिआईका समर्थकहरूको एक समूहले दक्षिणी बन्दरगाह शहर कराँची र उत्तरपश्चिमको पेशावरमा पनि जुलुस निकालेका छन् । उनीहरूले सडक पनि अवरुद्ध पारेका छन् । कुनै समयका क्रिकेट सुपरस्टार ७० वर्षीय खानलाई हिरासतमा राख्ने प्रयास यसअघि पनि भएको थियो । उनीमाथि ज्यान मार्ने उद्देश्यका साथ गोली प्रहारसमेत भएको थियो । प्रधानमन्त्री शेहबाज सरिफको आदेशमा आफ्नो हत्या प्रयास गरिएको आरोप खानले लगाउँदै आउनुभएको छ ।

पिटिआईका एक वरिष्ठ अधिकारीका अनुसार इस्लामाबाद उच्च अदालतमा खानको गिरफ्तारी रोक्न रिट दायर गरिएको छ । उक्त रिटमाथि आजै सुनुवाई हुने अपेक्षा गरिएको छ । गिरफ्तारी रोक्न अदालतबाट आदेश भएमा स्थिति स्वतः साम्य हुनेछ । पार्टीका पदाधिकारीहरूले लाहोरको अदालतमा पनि त्यस्तै रिट दायर गरेका छन् । राजनीतिक अस्थिरताका कारण निरन्तर शिथिल हुँदै गएको पाकिस्तानको अर्थतन्त्रलाई उकास्न अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रयास असफल भएका बेला अतिवादी समूहहरूले बेलाबेलामा गर्ने घातक आक्रमण एवम् आत्मघाती हमालाबाट दक्षिण एसियाली निरन्तर प्रताडित भइरहेको छ । कानुन कार्यान्वयनमा कठिनाई हुँदा आपराधिक गतिविधि नियन्त्रणमा पनि असर परेको छ । राजनीतिक नेताले आफ्ना कार्यकर्ता र समर्थकहरूलाई प्रयोग गरेर गिरफ्तारीलाई अस्वीकार गर्नुले पाकिस्तानको सबैभन्दा खराब अवस्थालाई प्रतिविम्बित गरेको लेखक, राजनीतिक विश्लेषक र मानवअधिकार कार्यकर्ता तौसीफ अहमद खान बताउछन् । (रासस /एएफपी)

# अफगानिस्तानको सैन्य सामर्थ्य एक लाख पचास हजार

काबुल, १ चैत
अफगानिस्तानको सेनाको संख्या एक लाख पचास हजार पुगेको छ । स्थानीय टिभी च्यानल टोलोन्युजले बुधबार रक्षा मन्त्रालयका प्रवक्ता इनायतुल्लाह खावराज्मीलाई उद्धृत गर्दै जनाएअनुसार देशमा एक लाख ५० हजार जनाको व्यावसायिक एवम् सुदृढ फौज बनाइएको छ । प्रवक्ता खावराज्मीले एक लाख ५० हजारको सबल फौज राष्ट्रको सुरक्षा सुनिश्चित गर्न तथा सीमा रक्षा गर्न सक्षम रहेको बताएका छन् । विगतको शासनकालका कर्मचारी पनि राष्ट्रिय सेनाको दर्जामा रहेका उनले बताए । प्रवक्ता खावराज्मीका अनुसार अफगानिस्तानको कामचलाउ सरकारले आफ्ना सबै सुरक्षा संयन्त्रहरू आफ्नै स्रोतसाधनले निर्माण गरेको छ । सन् २०२१ को अगस्टको अन्त्यमा अफगानिस्तानबाट अमेरिकी



नेतृत्वको सेना फिर्ता भएपछि अमेरिका-समर्थित प्रशासनको पतनसँगै सेना र प्रहरीसहितको पूर्व शासनको तीन लाख ५० हजार कर्मचारी रहेको सुरक्षा बल छिन्नभिन्न भएको थियो । तालिबान सत्तामा आएपछि तुलनात्मक रूपमा हिंसात्मक घटनामा कमी आएको छ । इस्लामिक स्टेट, नेशनल रेसिस्टेन्स फ्रन्ट र पूर्वसरकारसँग सम्बद्ध समूहले काम चलाउ सरकारलाई सुरक्षा चुनौती थपेका छन् ।

तालिबानका अमानवीय गतिविधिका कारण त्यहाँका महिला पीडित भएका छन् । विश्वविद्यालयमा पढ्न जान नपाउने, राष्ट्रिय एवम् अन्तरराष्ट्रिय गैरसरकारी सङ्घसंस्थामा काम गर्न उनीहरूमाथि प्रतिबन्ध लगाइएको छ । तालिवानका यस्ता अव्यावहारिक आदेशले अफगान महिलालाई मात्र नभइ अन्तरराष्ट्रिय समुदायलाई पनि चिन्तित तुल्याएको छ । (रासस/सिन्ह्वा)

# मलावी र मोजाम्बिकमा चक्रवात फ्रेडीबाट दुई सय दश जनाको मृत्यु

मलावी, १ चैत
दक्षिण मलावी र मोजाम्बिकमा भीषण चक्रवात फ्रेडीका दुई सय जनाभन्दा बढीको मृत्यु भएको छ । मलावीमा एक सय ९० जनाको ज्यान गएको तथा मोजाम्बिकमा २० जनाको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन् ।

मलावीमा पाँच सय ८४ जना घाइते भएका तथा ३७ जना बेपत्ता भएका छन् भने छिमेकी मोजाम्बिकमा २४ जना घाइते भएका छन् । चक्रवातबाट जोगिएकाहरू प्रभावित क्षेत्रमा आफ्ना प्रियजनको खोजीमा लागेका छन् । मोजाम्बिकमा २२ हजारभन्दा बढी विस्थातिप भएका रेडियो मोजाम्बिकले जनाएको छ ।मालवीको प्राकृति संशाधन तथा जलवायु परिवर्तन मन्त्रालयले चक्रवात क्रमशः कमजोर हुँदै गएको जनाए पनि देशको दक्षिणी भागमा भारी



वर्षा हुने चेतावनी दिएको छ । बाढीपहिरोको जोखिम बढेको जनाउँदै उक्त मन्त्रालयले सतर्कता अपनाउन देशवासीलाई आग्रह गरेको छ । आज साँझदेखि अवस्था सामान्य हुने अपेक्षा उक्त मन्त्रालयले गरेको छ ।

आँधीबाट देशको राजधानी ब्लान्टायरमा व्यापक क्षति भएको छ । मङ्गलबार अपराह्नसम्म यहाँमात्र एक सय ५८ जनाको मृत्यु भइसकेको अधिकारीहरूले बताएका छन् । राजधानीका धेरै घर पहिरामा पुरिएका छन् । देशभर करिब ६० हजार प्रभावित भएका छन् भने १९ हजारभन्दा बढी विस्थापित भएका छन् । विस्थापित भएकाहरूले गिर्जाघर र विद्यालयमा आश्रय लिएका छन् । प्रभावित क्षेत्रका पुल र सडक भत्किएका छन् । प्रतिकूल मौसमका कारण खोज तथा उद्धारका प्रभावित भएका छन् । (रासस/ सिन्ह्वा)

# ओडीआई वरीयता सुधार गर्दै नेपाल

१ चैत, काठमाडौं । आईसीसी ओडीआई वरीयतामा नेपाल एक स्थान माथि उक्लिएको छ ।

आईसीसीले मंगलबार अपडेट गरेको ओडीआई वरीयतामा नेपाल एक स्थान सुधार गर्दै १६औं स्थानमा उक्लेको हो ।केही दिनअघि मात्रै १९औं स्थानबाट १७औं स्थानमा उक्लेको नेपालले यस पटक नामिबियालाई पछि पारेको हो ।पछिल्लो पटक क्रिकेट विश्वकप लिग टु मा उत्कृष्ट प्रदर्शन गरिरहेको नेपालले वरीयतामा तीन स्थान सुधार गरिसकेको छ ।नेपालले लिग टु मा ११ खेल खेल्दा १० खेल जितेको छ । नेपालले घरेलु मैदानमा भइरहेको लिग टु को अन्तिम शृखंद्याको अन्तिम खेल बिहीबार यूएईसँग



खेल्नेछ ।एसोसिएट राष्ट्रहरुमध्ये नेपालभन्दा अघि स्कटल्याण्ड (१२औं), नेदरल्याण्ड्स(१४औं) र ओमान (१५औं) स्थानमा छ ।भारत ओडीआई वरीयताको शीर्ष स्थानमा छ ।

# चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने होन्डुरसको घोषणा

तेगुसिगल्पा,१ चैत
होन्डुरसले चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने घोषणा गरेको छ । यो घोषणासँगै ताइवानसँगको लामो समयदेखिको होन्डुरसको आधिकारिक सम्बन्ध विच्छेद हुनेछ । राष्ट्रपति जिओमारा क्यास्ट्रोले विदेशमन्त्री एडुआर्डो रेनालाई जनवादी गणतन्त्र चीनसँग आधिकारिक सम्बन्ध स्थापना गर्न निर्देशन दिनुभएको छ । राष्ट्रपति क्यास्ट्रोले चुनावी अभियानको क्रममा गत साता आफ्नो सरकारले चीनसँग जलविद्युत् बाँध निर्माणका निम्ति वार्ता गरिरहेको घोषणा गर्नुभएको थियो । होन्डुरस सरकारले ताइपेईसँग आधिकारिक रूपमा सम्बन्ध तोडेको हो कि भन्नेबारे तत्काल टिप्पणी भने गरेको छैन । यद्यपि बेइजिङको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध राख्न सक्दैनन् । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले एक चीन सिद्धान्तका आधारमा चीन होन्डुरस र विश्वका अन्य देशहरूसँग मैत्री एवम् सहयोगात्मक सम्बन्ध विकास गर्न बेइजिङ सधै इच्छुक रहेको बताएका छन् । ताइवानलाई आधिकारिक रूपमा मान्यता दिने



१४ देशमध्ये होन्डुरस एक हो । स्वशासित टापु ताइवानलाई चीनले आवश्यक भएमा बल प्रयोग गरेर आफ्नो मुख्यभूमिमा विलय गराउनसक्ने बताउँदै आएको छ । चीनको एक राज्य दुई नीतिअन्तर्गत ताइवानमा शासन सञ्चालन भइरहेको छ । यसैबीच, बेइजिङले बुधबार होन्डुरसले चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णयको स्वागत गरेको छ । प्रवक्ता बाङले "हामी होन्डुरसको सान्दर्भिक वक्तव्यको स्वागत गर्दछौं," नियमित पत्रकार सम्मेलनमा भनेका छन् । (रासस /एएफपी)

# रौटहटमा मिसन ग्रासरुट कार्यक्रम सम्पन्न



मधेशदृष्टि
वीरगंज, १ चैत ।

नेकपा एमाले रौतहटको आयोजनामा पार्टी सुदृढिकरण तथा विस्तार अभियान अन्तरगत बुधवार गरुडामा मिसन ग्रास रुट कार्यक्रम सम्पन्न भएकोछ ।

पार्टीका केन्द्रिय सचिव रघुविर महासेठको सभापतित्वमा सम्पन्न कार्यक्रममा पार्टीका पोलिट व्यूरो सदस्य पुरुषोत्तम पौडेल, केन्द्रिय सदस्य प्रभु हजरा, कल्पना कटुवाल, भोजराज दहाल, अजय गुप्ता, विचारी यादव, एमाले पर्साका संयोजक विश्वम्भर शर्मा, नेपाल बुद्धिजीवी परिषद मधेश प्रदेशका अध्यक्ष शम्भु गुप्ता, सांसद विना देवी साह लगायतको सहभागिता रहेको थियो ।

# महानगरपालिकाले १६ बिघा बढि अतिक्रमित जग्गा लिए आफनो नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, १ चैत ।

वीरगञ्ज महानगरपालिकाले वडा नम्बर १९ मा रहेको १६ विगहा भन्दा बढि अतिक्रमित सार्वजनिक जग्गा खोजि गरि नक्शाङ्कन गरेर आफनो नियन्त्रणमा लिएको छ ।

महानगरवाट खटिएको टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १९ कोनियाबाट आज थप ४ विगाहा अतिक्रमित जग्गा पहिचान गरेको छ भने यस अघि सोमबार ५ विघा ७ कट्ठा जग्गा तथा मंगलबार ७ विघा जग्गा गरि १६ बिगहा ७ कट्ठा अतिक्रमित सार्बजनिक जग्गा आफ्नो नियन्त्रणमा ल्याएको बीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिएका छन् । अतिक्रमित जग्गाको थप खोजी गर्न महानगरपालिकाको प्राविधिक टोली खटिएको र सार्वजनिक



जग्गाको पहिचान गर्ने कार्य भई रहेको पौडेलले बताए। बीरगन्ज महानगर पालिकाको नगर प्रमुख राजेश मान सिंहको नेतृत्वमा रहेको प्रमुख प्रशासकिय अधिकृत लक्ष्मी प्रसाद पौडेल, वडा नम्वर १९ का वडाध्यक्ष मुकेश कुमार चौरसिया , वडा न १७ का अध्यक्ष सन्जु छतकुली, हरि पोखरेल, महेश दास, सत्यराज घिमिरे सहित प्राविधिकहरु को टोली आज अतिक्रमित जग्गाको स्थलगत अनुगमन गरेको छ । अतिक्रमित जग्गाको अनुगमन पछि नगर प्रमुख सिंहले जिपिएस प्रबिधि बाट नाप नक्शा छुट्टयाइ घेरा गर्ने र थप अतिक्रमित जग्गाको खोजी निरन्तर गरिने बताए । उनले बीरगन्जको आइ सि पी को पश्चिम पट्टि को यो जग्गामा चाडै सार्वजनिक उपयोग मा ल्याउने समेत बताए । सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न महानगरको टोली नक्सा लिएरै संभावित स्थानमा पुगेको छ। अतिक्रमण गरेको सार्वजनिक जग्गा छुट्याउन दिनभर नापजाँच गरेर छुट्याउनुका साथै डोजर लगाएर सीमा छुट्याउने काम समेत गरिएको छ ।

# पेटमा रक्सीको बोतल देखिएपछि...

मधेशदृष्टि
वीरगंज, १ चैत ।

पेटमा रक्सीको बोतल देखिएपछि शल्यक्रिया गरिएका रौतहट गुजरा नगरपालिका-९ अमतबाका २६ वर्षीय नुर्साद मन्सुरीको स्वास्थ्यमा सुधार नहुँदा बयान प्रभावित भएको छ ।

उनको पेट शल्यक्रिया गरी बोतल निकालिएको भएपनि बेलाबेलामा बेहोस हुँदा प्रहरीले बयान लिन नसकेको हो। रौतहट प्रहरीका अनुसार केही दिनअघि चन्द्रपुर-१० बाल्चनपुरस्थित अटो ग्यारेजमा साथी नसिम खानसँगै नुर्सादले मादक पदार्थ सेवन गरेका थिए। नुर्सादले बोतलमा पिसाब राखेर रक्सी भन्दै नसिमलाई खुवाएका थिए ।

नसिमले यस विषमा जानकारी भएपछि साथी नुर्सादलाई आफ्नो ग्यारेजमा बोलाई नशालु पदार्थ खुवाएर बेहोस गरी रक्सीको हाफ बोतलको खाली सिसी मलद्वारबाट भित्र पसाइदिए। होसमा आउँदा पेट दुख्न थालेपछि मात्रै नुर्सादले औषधि खाएका थिए तर सञ्चो नभएपछि अस्पताल लगिएको थियो ।

चन्द्रपुर अस्पतालमा एक्सरे गर्दा पेटमा बोतल देखिएपछि उनलाई चितवन रेफर गरिएको थियो। पुरानो मेडिकल कलेजका डा. नारायण बेलबासेको टिमले ५ दिनअघि शल्यक्रिया गरी बोतल निकालेका थिए। नुर्साद अहिले पोस्ट आईसीयूमा उपचाररत छन्। उनको स्वास्थ्य अवस्था नाजुक हुँदा घटनाबारे बोल्न सक्ने अवस्था नरहेको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले नुर्सादको बयान लिन खोजे पनि सम्भव नभएको बताएको छ। धेरै बोल्न लगाउँदा जोखिम हुने चिकित्सकले बताएपछि सामान्य सोधपुछ गरिएको प्रहरीले जनाएको छ।

आरोपित नसिमलाई पक्राउ गरी ज्यान मार्ने उद्योगमा मुद्दा चलाएको इप्रका चन्द्रनिगाहपुरका डीएसपी एकनारायण कोइरालाले बताए।

# निजगढ नगरपालिकाले आफै खोला उत्खनन गर्ने निर्णय

मधेशदृष्टि
वीरगंज, १ चैत ।

बाराको निजगढ नगरपालिकाले चालु आर्थिक वर्षका लागि खोलाको ठेक्का नलागेपछि आफै खोला उत्खनन् गर्ने निर्णय गरेको छ।

नगरपालिकामा पूर्व तथा बहालवाला जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र सरोकारवाला निकायबिच बसेको बैठकले नगरपालिका आफैले खोला उत्खनन् गर्ने निर्णय गरेको हो। २ महिनाअघि नगरपालिकाले पहिलो पटक ३० दिनको लागि र दोस्रोपटक १५ दिनको म्यादसहित ठेक्का सूचना सार्वजनिक गरेको थियो तर, दुवै पटक ठेकेदार कम्पनीहरुले चासो नदेखाएपछि नदीजन्य पदार्थ आफैले खन्ने निर्णय गरेको नगरप्रमुख सुरथ पुरीले बताए।

राजस्व मर्न नदिन पहिलो पटक नगरपालिका आफैले नदीजन्य पदार्थ खन्ने निर्णय गरेको उनको भनाइ छ । निजगढ नगरपालिकाले बर्सेनि मंसिर पहिलो सातादेखि जेठ मसान्तसम्मका लागि १४ देखि १६ करोडमा बकैया, धन्सार, शक्तिखोला, लालभक्त र बगर खोला उत्खननको ठेक्का लगाउने गर्दछ। तर यसपटक नदीजन्य पदार्थको विषयलाई लिएर अदालतमा मुद्दा परेपछि खोलाको ठेक्का लगाउन ढिलो भएको हो।

नगरपालिकाले बिगतमा वर्षको ७ महिना लगाउँदै आएको खोलाको ठेक्का यसवर्ष ३ महिनामात्रै लगाउँदा पनि न्यूनतम् कबोल रकम नघटाएको ठेकेदार कम्पनीहरुको गुनासो छ।

# सुख्खा मौसम सुरु भएसंगै जंगल र चुरे आसपासका स्थानीयमा डढेलोको त्रास

घनश्याम बलम्पाकी
सर्लाही, १ चैत ।

सुख्खा मौसम सुरु भएसँगै सर्लाहीको चुरेक्षेत्र र जंगल आसपासका स्थानिय डढेलोको त्रासमा परेका छन् ।

सुख्खा र हावाहुरीको मौसममा जिल्लाको चुरभेगका जंगलमा भीषण डढेलो लाग्ने गरेको छ।

यस्तै जिल्लाको उत्तरी चुरे क्षेत्र र पूर्व-पश्चिम राजमार्ग क्षेत्रका विभिन्न सरकारी र सामुदायिक वन तथा सागरनाथ वन विकास परियोजना, घुर्कौली, मुर्तिया वन क्षेत्रमा पनि बर्सेनी डढेलो लाग्ने गरेको स्थानीय वासिन्दाले बताएका छन्। केही दिन अघि मुर्तिया,लालबन्दी,घुर्कौली, धरहरा वन क्षेत्रमा आगलागी भएको छ।



बसन्त ऋतु सुरुभएसंगै रुख, बिरुवाको नयाँ पात आउने र पुराना पात झरेर सुकेको समयमा जंगल क्षेत्रमा डढेलो लाग्ने गरेको छ। चुरेभेगस्थित लालबन्दी नगरपालिका-१४, नारायणखोला सतासका ९० वर्षिय स्थानिय विमानसिंह लामाले घर नजिकैको चुरेका जंगलमा बर्सेनी लाग्ने डढेलोका कारण फागुन देखि जेष्ठ चार महिनासम्म त्रासमा बस्नु परेको गुनासो गरे । 'पहिले जंगल घना थियो, प्रसस्त जंगली जनावर देखिन्थ्यो, अहिले देखिदैन, सबै लोप भइसक्यो।

बर्सेनी लाग्ने डढेलोले वन्यजन्तु लोप हुँदै गएको उनले सुनाए'।

चुरे क्षेत्रका दर्जनौ गाउँबस्ति डढेलोको जोखिममा छन्। बस्तुभाउ चराउन गएका गोठालोहरुले चुरोट बिडी खाएर राम्रोसंग ननिभाइकन जथाभावी ठुटा फ्याक्नाले डढेलोको जोखिम बढ्ने स्थानियहरु बताउँछन् । अघिल्ला वर्षमा झैँ यो वर्ष पनि डढेलो लाग्ने समय सुरु भएपनि डढेलो रोकथामका लागि कुनै निकायबाट पहल नभएको लालबन्दी-१२ पत्थकोटका शिक्षक हरी गुर्मछानले गुनासो गरे । गुर्मछानका अनुसार बिगतका बर्षहरुमा डढेलोका कारण जंगल नजिक र चुरे क्षेत्रमा बसोवास गर्ने नागरीकले जनधनको क्षति ब्यहोर्नु परेको अनुभव सुनाए। डढेलो नियन्त्रणमा सम्बन्धित स्थानिय तहको उदासिनताले चुरे क्षेत्रका नागरिकले दुःख पाइरहेको स्थानियवासीको आरोप छ।

सवडिभिजन वन कार्यालय मुर्तियाका प्रमुख चन्द्रप्रकाश यादवले जंगलमा डढेलो लाग्दा मानव बस्ती समेत जोखिममा पर्ने भएकाले सचेत हुनु पर्ने बताए। त्यसकारण स्थानीय वासिन्दा अझ बढी सचेत हुनु पर्ने बताएका छन्। वन तथा वन्यजन्तुलाई डढेलोबाट जोगाउन बर्सेनी अग्नी नियन्त्रक खटाएर वन समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिमसमेत प्रदान गर्दै आइरहेको जानकारी दिए। सर्लाहीको उत्तरी चुरेक्षेत्रको पश्चिम बागमती देखि पूर्व बाँकेसम्म ३४ किलोमिटर लम्बाईमा फैलिएको छ।

विशेष गरी सागरनाथ वन विकास परियोजनाको पलोट क्षेत्रमा डढेलो लाग्न सुरु भएको हो । चरिचरण क्षेत्रको रुपमा रहेको पलोट क्षेत्रमा चाँडो घाँस तथा पालुवा पलाउने भन्दै स्थानीय वासिन्दा र गोठालाले नै डढेलो लगाउने गरेका छन्। परियोजनाको फूलजोर, सागरनाथ, रानिगञ्ज, धरहरालगायत क्षेत्रमा डढेलो लागेको छ। वन क्षेत्रमा डढेलो लगाउँदा बोटविरुवा नष्ट हुने, जङ्गली जनावर सङ्कटमा पर्ने र वायु प्रदुषण बढ्नेबारे सचेतना नहुँदा छेउछाउका बस्तीकै स्थानीयले नै डढेलो लगाउने गरेका छन्।

डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख (डीएफओ) मञ्जुर अहमदले एक/दुई ठाउँमा लागेको डढेलो वन रक्षक र अन्य कर्मचारी मिलेर निभाउने काम गरिरहेको बताए । जिल्ला वन प्रमुख अहमदले स्थानीयवासी आफै सचेत र सक्रिय नभएसम्म वन क्षेत्रलाई डढेलोबाट बचाउन मुस्किल रहेको बताएको छ।

यो वर्ष हिउँदमा वर्षा हुन नसक्दा तराई मधेशका जिल्लामा सुक्खापन बढेको छ । जसले गर्दा मध्य माघदेखि नै वन क्षेत्रमा डढेलो लाग्न सुरु भएको हो।

वन क्षेत्रमा प्रायः धेरै सुक्खापन हुने फागुन, चैत महिनामा जताततै डढेलो लाग्छ। यो वर्ष भने पानी पर्न नसक्दा अहिलेदेखि नै अत्यधिक सुक्खापन बढेकाले डढेलो लाग्न सुरु भएको हो।

डढेलो लाग्नेयाम सुरु भएसँगै बँदेल, हरिणजस्ता जिल्लाका वनमा रहेका वन्यजन्तु मानव बस्ती र किसानको खेतबारीमा अत्यधिक आउन थालेका छन् । यो बेला ती वन्यजन्तुको शिकार बढ्ने गरेको स्थानिय बताउँछन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल